# पहिलो परिच्छेद

# सिर्जनापत्रको परिचय

## १.१ शीर्षक

प्रस्तुत सिर्जनापत्रको शीर्षक **नपुछिएको सिन्दूर** उपन्यास रहेको छ ।

## १.२ प्रयोजन

त्रिभुवन विश्वविधालय मानविकी तथा समाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभाग दोस्रो वर्षको दशौं पत्रको प्रयोजनको लागि यो सिर्जनापत्र तयार गरिएको हो ।

## १.३ सिर्जनात्मक लेखनसम्बन्धी प्राक्कथन

### १.३.१ सिर्जनात्मक लेखनसम्बन्धी नाम दर्ता र लेखन तथा अध्ययन विधि

त्रिभुवन विश्वविधालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर दोस्रो वर्ष दशौं पत्रका विभिन्न ऐच्छिक विषयहरूमध्ये सिर्जनात्मक लेखन पनि एक शोध हो । शोधपत्र लेखनअन्तर्गत मैले सिर्जनात्मक लेखनसमूहमा रही उपन्यास लेख्ने प्रयास गरेकी छु । सोहीअनुसार मैले लेख्न चाहेको उपन्यास आधुनिक नेपाली उपन्यासको विभिन्न धारा र वादमध्ये प्रगतिशील धाराको सामाजिक यथार्थवादी उपन्यास रोजेकी छु । मेरो उपन्यासको शीर्षक **नपुछिएको सिन्दूर** रहेको छ । मैले यो **नपुछिएको सिन्दूर** शीर्षकको उपन्यास सोही पत्रको शैक्षिक प्रयोजनका लागि प्रस्तुत गरेकी छु ।

वि.सं. २०६३ सालमा नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा स्नातकोत्तर तहको अध्ययन प्रारम्भ गरी यसै तहको दोस्रो वर्षको दशौं पत्रको निम्ति ऐच्छिक विषयका रूपमा उपन्यास विधामा सिर्जनात्मक लेखन गर्नका लागि २०६५ सालमा नाम दर्ता

गराएकी हुँ । यस सिर्जनात्मक लेखनका लागि मैले निम्नलिखित बुँदाहरूमा अध्ययन कार्य गरेकी छु ।

१. उपन्यासको अभ्युदय

२. उपन्यासको परिभाषा

३. उपन्यासका उपकरण

## १.३.२ सिर्जनात्मक लेखनसम्बन्धी निर्धारित कक्षाहरूमा अध्ययन

सिर्जनात्मक लेखनमा व्यक्तिगत अनुभव जति अपरिहार्य हुन्छ त्यति नै त्यस अनुभवलाई कृतिको रूप दिनका लागि प्रतिभाको जरुरत पर्दछ । प्रतिभा मात्र भएर कुनै पनि विधामा सशक्त रूपले कलम चलाउन सकिदैन । त्यसका निम्ति निरन्तर साधना, अध्ययन र अभ्यासको आवश्यकता पर्दछ । कृति लेखनको अभ्यासका निमित्त विधागत सामान्य सिद्धान्त र विधिको ज्ञान गर्नु अपेक्षित हुने भएकाले सिर्जनापत्रअन्तर्गत उपन्यास विधा लेखनमा आफ्नो नाम दर्ता गराएपछि उपन्यासका सामान्य सिद्धान्त र विधिको अध्ययन गरेँ । त्यसबेला अभ्यासको निर्माण कसरी हुन्छ ? अभ्यास लेखनमा के कति सामग्रीमा ध्यान पुऱ्याउनु पर्छ ? भन्नेजस्ता आधारभूत सिद्धान्तहरूको जानकारी भयो । उपन्यासलाई परिष्कार र परिमार्जन गर्नका लागि आवश्यक ज्ञान र सीपको अत्यन्त जरुरत हुन्छ । त्यस्ता ज्ञान र सीपको आर्जन कक्षागत अध्ययनकै क्रममा भएको हो । निर्देशकज्यूबाट प्राध्यापनका क्रममा कक्षामै त्यस्ता सिद्धान्त र विधिहरूको जानकारी दिइएको थियो । यस कक्षागत अध्ययनबाट उपन्यास सिर्जना गर्नमा आफूलाई प्रशस्त मद्दत मिलेको अनुभव भएको छ ।

सिर्जना लेख्नु भनेको मानिसको अन्तर मनबाट प्रस्फुटित भई निस्कने भावनात्मक झङ्कार तरङ्गलाई भाषा र शब्दको चमत्कार दिएर रचनाको आधारमा ढाल्नु हो । उपन्यास, साहित्यका तमाम विधाहरूमध्ये गद्य विधा हो र उपन्यासले आख्यानको अपेक्षा राख्दछ, आख्यानविनाको उपन्यास निबन्ध सङ्ग्रहजस्तै हुन्छ । आजको सन्दर्भमा भन्नु पर्दा उपन्यासले महाकाव्य सबै नियम र स्वरूपलाई स्वीकार गरेको छ । फरक यति छ, महाकाव्य पद्य विधा हो, उपन्यास गद्य विधा हो । यी सबै

कुराहरूको निराकरणका लागि कक्षागत रूपमा गरिएको अध्ययन र अभ्यासले ठूलो भूमिका खेलेको छ । उपन्यास सिर्जनाका निमित्त कक्षागत अध्ययनका क्रममा यी गहन कुराहरूको सम्यक अध्ययन गर्ने अवसर पाएकी छु ।

### १.३.३ उपन्यासको अभ्युदय

आधुनिक उपन्यासको अभ्युदय अठारौं शताब्दीपछि मात्र भएको पाइन्छ । पूर्वीय अथवा पाश्चात्य दुवैतर्फ अठारौं शताब्दीसम्म पनि उपन्यासको विकास भएको देखिँदैन । तर उपन्यास शब्दले सङ्केत गर्न सक्ने रचना विशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू पूर्वीय र पाश्चात्य क्षितिजमा यसभन्दा पहिले पनि देखा परिसकेका थिए । उपन्यासको सैद्धान्तिक मापदण्ड तयार नभएका अवस्थालाई आज अलिकति औपन्यासिक कलानिहित भएका रचनाका रूपमा स्थापित हुने प्रयत्न भने हुँदै आएको छ ।

'उप' उपसर्गवाची पद पूर्वमा हुने 'न्यास' शब्दको संयोजनबाट निर्मित 'उपन्यास' शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उप+नि+अस्+अ अर्थात हुनु अर्थ बोध गराउने 'अस' धातुमा 'नि' र 'उप' दुईवटा उपसर्ग मिलेर निर्मित भएको 'उपन्यास' शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक विधालाई सङ्केत गर्नमा प्रवृत छ ।[१]

जीवनको इतिवृतलाई संवहन गर्ने क्रममा पश्चिमी साहित्यका इतिहासलाई पनि यहाँनेर स्मरण गर्नुपर्ने हुन्छ । अङ्ग्रेजी साहित्यमा आज प्रचलित नोभेल (Novel) शब्द ल्याटिन भाषाको नोवोस (Novows) अर्थात नोवलस (Novallows) बाट विकसित भएको मानिन्छ । यसै ल्याटिन भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेको नोभेल्ला (Novella) शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेको छ ।[२] आज नोवेल (Novel) शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । यसको ल्याटिनमूलको अर्थ समाचारपत्र हो ।

---

१ राजेन्द्र सुवेदी, ***नेपाली उपन्यास परम्परा र प्रवृत्ति,*** संस्करण दोस्रो, साझा प्रकाशन, २०६४, पृ. १ ।

२ कृष्णचन्द्रसिंह प्रधान, ***नेपाली उपन्यास र उपन्यासकार,*** संस्करण तेस्रो, वि.सं. २०५२, पृ. १५ ।

चौधौं शताब्दीमा इटालिया Novelle हरूको सङ्कलन गरिएको थियो । यसको उदाहरण बोकासियोको **डेकामेरेन** लाई लिन सकिन्छ । सत्रौं शताब्दीमा सर्भान्तेजले **डन किहोते** लेखे । अठारौं शताब्दीमा नायकमा जोड दिँदै डेनियल डिफोले **रविन्सन क्रुसो** लेखे ।

आख्यानको बाहुल्य भएका रचना पूर्व र पश्चिम दुवै जगतमा छन् । संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ ‘उपपत्ति कृतो हि, अर्थ उपन्यास सकीर्तित’ अर्थात् कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो । पूर्वीय मान्यताका आधारमा ‘उप’ र न्यास पदहरूको सन्धिद्वारा ‘उपन्यास’ शब्दको निर्माण हुँदा ‘उप’ को अर्थ नजिक र ‘न्यास’ को अर्थ थाती हुन आउँछ ।[३] ‘उप’ को अर्थ निकट वा नजिक भन्ने मात्र देखिए पनि ‘न्यास’ पदले भने विस्तृत अर्थ बहन गरेको देखिन्छ ।[४] भासको **स्वप्नवासवदत्तम्** मा ‘सुखमन्मद् भवेत सर्व दु:ख न्यासस्य रक्षरण’[५] भनेर नासोको अर्थमा ‘न्यास’ पदलाई लिइएको देखिन्छ । ‘न्यास’ पदले जे जस्ता अर्थ प्रदान गर्ने भए पनि ‘उप’ र ‘न्यास’ को योगबाट बन्ने उपन्यास शब्दको सोझो अर्थ हुन्छ - निकटस्थ वस्तु या जीवनको अनुभूति ।

अन्य विधाभन्दा उपन्यास नवीन विधा हो । अङ्ग्रेजी शब्द ‘नोभेल’ को प्रर्यायवाचीको रूपमा प्रयोग गरिए तापनि ‘उपन्यास’ शब्द नै भने पूर्वीय साहित्यमा अपरिचित छैन । धेरै पहिलेदेखि पूर्वीय साहित्यमा ‘उपन्यास’ शब्दको प्रयोग हुँदै आएको देखिन्छ । पूर्वी साहित्यका आदि आचार्यहरू दण्डी, विश्वनाथले दिएको परिभाषा र व्याख्याभित्र आजको उपन्यासको उद्भव भेटिँदैन । पूर्वीय साहित्यमा उपजीव्य काव्यका रूपमा **रामायण** र **महाभारत**लाई आरम्भ आख्यान ग्रन्थ मानिन्छ ।

यसरी विभिन्न चरण पार गर्दै बनेको आधुनिक ‘नोभेल’ विभिन्न अर्थ बहन गरेको पाइन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो । यथार्थको सम्वाहक हुनु र पाठकलाई नैतिकताको पाठ सिकाउँदै नयाँ जीवन दिनु यसको अभीष्ट हो ।

---

[३] धीरेन्द्र बर्मा तथा अन्य (सम्पा), ***हिन्दी साहितयकाश,*** भाग १, दोस्रो संस्करण, वाराणसी ज्ञान मण्डल लि. सम्वत, २०२०, पृ. १५४ ।

[४] शुभलक्ष्मी श्रेष्ठ, ***अस्मिताको खोजीमा,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५५, पृ. २ ।

[५] भास, **स्वप्नवासवदत्तम,** *बेणीमाधव,* (प्र.सं.), इलाहावाद, १९६१, पृ. ४० ।

## १.३.४ उपन्यासका केही मुख्य परिभाषा

साहित्यको परिभाषा सधै एकै किसिमको हुँदैन । युगदृष्टि र परिवेशअनुसार साहित्यका स्वरूप र मान्यतामा पनि परिवर्तन भइरहन्छ । उपन्यास जीवनको समष्टि प्रस्तुति हो । मानव जीवनमा आइपर्ने सम्पूर्ण सङ्गति-विसङ्गति आदिलाई कथानक, पात्र, वातावरण, द्वन्द्व, क्रियाकलाप, विचार आदिका माध्यमबाट जीवन्त प्रस्तुति उपन्यासले गरेको हुन्छ । उपन्यासको चिनारी गराँउदा कुनै एक समय र स्थान अनि कुनै एक विद्वान्का आधारमा गरिदैन । विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले उपन्यासको परिभाषा दिएका छन् ।

पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।[६] एउटा मानिसको समष्टि जीवन प्रस्तुत गर्न जतिवटा घटना, वस्तुपक्षहरू प्रस्तुत गरिदिने प्रसङ्गहरू समावेश हुन सक्छन्, ती सबै पक्षलाई उपन्यासका सीमाभित्र समाहित गरिन्छ । युगौँ-युग र पुस्ता-पुस्ताको जीवन वीक्षण उपन्यासले गरेको हुन्छ ।

पूर्व र पश्चिमका विद्वान्हरूले उपन्यासको परिभाषा गर्दै आएका छन् । त्यस्ता परिभाषामा पाश्चात्य मुलुकमा शब्दकोषको गहन योगदान देखिन्छ । “वृहत् आकार भएको गद्याख्यान अथवा वृत्तान्त जसअन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने, पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ ।”[७]

“मेरो विचारमा उपन्यासका कुनै नियम छैनन् ।”

- इ.एम.फोष्टर

वृहत् र वृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति उपन्यास (Novel) हो । बोकासियोको **डेकामेरेन,** सर्वान्तिजको **डन क्विजोट** जस्ता वृहतकथाका रचनाहरू उपन्यास हुन् ।”[८]

- इन्साइक्लोपिडिया

---

[६] सुवेदी, राजेन्द्र, पूर्ववत्, पृ. १० ।

[७] सुवेदी, राजेन्द्र, पूर्ववत्, पृ. ११ ।

[८] सुवेदी, राजेन्द्र, पूर्ववत्, पृ. ११ ।

"हामी अहिले उपन्यासलाई नारी अथवा पुरुषको वाह्यन्तरिक जीवनको विस्तारपूर्वक वयान गरिएको गद्याख्यान भनेर चिन्दछौँ ।"[९]

- इन्साइक्लोपिडिया इन्टरनेशनल

Fiction means "Any of art in Prose"

- अङ्ग्रेजी उपन्यासकार

"Novel is regarded as an extended works of prose fiction."[१०]

"सङ्क्षिप्त रूपमा छोटकरी एवम् काल्पनिक चित्रणभन्दा फरक हुने विशिष्ट किसिमका लामो आख्यानात्मक गद्य कृतिलाई आधुनिक साहित्यिक प्रयोगमा उपन्यास भनिन्छ ।"

- न्यू कोलम्बिया इन्साइक्लोपिडिया

"सुखान्त गद्यमय महाकाव्य उपन्यास हो ।"

"उपन्यास यथार्थमा भावनाको भाषा, जीवनको उद्‌गार हो । साँचो उपन्यास जीवनका छाया नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ ।"

- इन्द्रबहादुर राई

"बहुविधा संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङखलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।"

- दयाराम श्रेष्ठ

"पूर्वपर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"[११]

- राजेन्द्र सुवेदी

---

[९] ***इन्साइक्लोपेडिया इन्टरनेसनल,*** भाग १३, लेक्सिकन पब्लिकेशन, १९८१, पृ. २९४ ।

[१०] अब्राम्स, एम्.एच्., ***ए ग्लसरी अफ लिटररी टर्म्स,*** (तृ.सं.) बङलोर प्रिज्म बुक्स प्रा.लि., १९९२, पृ. ११० ।

[११] सुवेदी, राजेन्द्र, पूर्ववत्, पृ. १० ।

"उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति भएको पाइन्छ ।"

- हिमांशु थापा

"उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाही त उपन्यासमा यति सवल भ्रम प्राप्त हुन्छ -आमी त्यसभित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।"

- डा.गोपाल राय

"म उपन्यासलाई मानव जीवनको चित्र मान्छु । मानवचरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो ।"[१२]

- प्रेमचन्द्र

## १.३.५ उपन्यासका उपकरण

उपन्यास निर्माण हुन केही तत्त्व अनिवार्य देखिन्छन् । तर ती तत्त्वहरू यति नै हुनु भनेर किट्ने क्रममा विद्वान्हरूको मत एउटै हुन सकेको छैन । यद्यपि अधिकांस उपकरणका बारेमा भने सहमति हुन सक्ने स्थिति देखिन्छ । उपन्यासभित्र एउटा व्यापक संसार हुन्छ । अलि व्यस्त श्रृङ्खलामा अल्झेको जीवन र वर्गविश्रृङ्खलता आदिको समीकरण उपन्यासमा आबद्ध भएको हुन्छ । मूलभूत तत्त्वहरू उपन्यासमा निहित हुन सक्दा के चाहिं स्पष्ट हुन्छ भने वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, उद्देश्यसमेतलाई उपन्यासले प्रस्तुत गरेका हुन्छन् ।

### १.३.५.१ वस्तु

प्राचीन समयको साहित्यमा नाट्य र महाकाव्यजस्ता प्रबन्धप्रधान कृतिहरूमा वस्तु, नेता र रसलाई प्रधानता दिइन्थ्यो । कथावस्तु उपन्यासको कथ्यवस्तु अर्थात् उपन्यासको कथ्यवस्तुको रूपमा आउने विषय नै कथावस्तु हो । यसको निर्माण जीवनले आत्मसात् गरिरहेका वस्तु र घटनाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ ।

---

[१२] हिन्दी साहित्य कोष ।

कथालाई मेरुदण्ड मानेर जीवित रहने विधा भएकोले यसमा आख्यान विधा अनिवार्य रहन्छ । निरन्तरता प्रदान गर्ने र औचित्य विन्यास गर्ने, कार्यकारण सम्बन्ध देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने तत्त्वको नाम कथानक हो ।


### १.३.५.२ कथानकका आधारमा उपन्यासका प्रकार

उपन्यासमा निहित कथाका स्वरूपलाई आधार मानेर उपन्यासका कथानकलाई चार भागमा विभाजन गर्न सकिन्छ ।

- साहसिक उपन्यास (Picaresque Novel)
- नाटकीय उपन्यास (Dramatic Novel)
- घटनाप्रधान उपन्यास (Episodi Novel)
- चरित्रप्रधान उपन्यास (Characteristic Novel)

### १.३.५.३ चरित्र

विषयवस्तुको भोग पात्रले नै पर्दछ । त्यसैले पात्रको अनिवार्यता उपन्यासमा हुन्छ । विषयवस्तु आफैमा रित्तो हुन्छ, त्यसको उपभोग पात्रले गरेपछि मात्रै त्यसले महत्त्व पाउँछ । के र कसको उत्तरमा पात्र आउँछ । पात्र मानव र मानवेतर दुवै हुन्छन् ।




उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू निम्न छन् ।

- गतिशील र गतिहीन
- यथार्थ र आदर्श

- अन्तर्मुखी र बहिर्मुखी
- गोला र च्याप्टा
- सार्वभौम र आञ्चलिक
- पारम्परिक र मौलिक

यसैगरी चरित्रचित्रणलाई अन्य आधारबाट पनि निर्धारण गर्न सकिन्छ ।

- लिङ्गका आधारमा
- स्वभावका आधारमा
- जीवनचेतनाका आधारमा
- आसन्नताका आधारमा
- आबद्धताका आधारमा

### १.३.५.४ कथानक

कथानकका स-साना चूर्णहरूको श्रृङ्खलित रूप नै कथानक हो । कथानक प्रबल भएको अथवा सवल भएको कथा नै कथा हो । कथानक गतिशील छ भने पात्रहरू धेरै आउँदैनन् । पात्रको भोक्तामान नै कथानक हो । छरिएर रहेका घटनाहरू अमूर्त हुन्छन्, निरीह हुन्छन् र ती छरिएका घटनाहरूको श्रृङ्खलित रूप नै कथानक हो । कथानक अमूर्त र निर्जीव हुन्छ तर जब त्यो मानव (पात्र) सँग जोडिएर आउँछ तब त्यसले मूर्तता अथवा सजीवता पाउँछ । त्यसैले कथानक कथा अथवा उपन्यासको अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो जसविना कथा/उपन्यास एक कदम पनि अगाडि बढ्न सक्दैन् ।

### १.३.५.५ परिवेश

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई देशकाल वातावरण, कार्यपीठिका, क्रियाकलाप, क्रियाव्यापार, परिवृत, परिधिजस्ता शब्दहरूले सम्बोधन गर्ने गरिन्छ । उपन्यासलाई प्रभावशाली र तीव्र बनाउनमा सङ्घर्ष, क्रियाकलाप र

कथोपकथनजस्तै परिवेशको पनि भूमिका रहन्छ । परिवेशको ढाँचाकाँचा र रङ्गरोगन स्थानीय किसिमको हुन्छ । समय र परिस्थितिका चापले प्रभाव पार्दै लगेपछि पर्यावरणका सम्पूर्ण पक्षहरू पात्रको जीवनपद्धतिलाई प्रभावित तुल्याउने कारणका रूपमा आइलाग्छन् ।

### १.३.५.६ भाषा

माथिका सबै स्थूल तत्त्वलाई समीकरण गर्ने महत्त्वपूर्ण तत्त्व भनेको भाषा हो । यो कही सम्वादात्मक त कही निबन्धात्मक हुन्छ । यो पनि उपन्यासको वाह्य तत्त्व नै हो । भाषाविना कथाको/उपन्यासको कल्पना पनि गर्न सकिदैन । यो सूचना सम्प्रेषणको महत्त्वपूर्ण अङ्ग हो । उपन्यासमा सामान्य र वौद्धिक भाषाभन्दा आलङ्कारिक, कलात्मक र कोमल भाषाको प्रयोग हुन्छ ।

### १.३.५.७ विचार/उद्देश्य

कथाको आन्तरिक रूप हो - विचार । उपन्यासले भन्न खोजेको चीज लेखकको विचारबाट प्राप्त हुन्छ जुन उपन्यासभरि फैलिएको हुन्छ । उपन्यासमा विचारपक्ष आदिदेखि अन्त्यसम्म वितरित हुनुपर्छ । **अनुराधा** उपन्यासका पात्रहरूमा मनोविश्लेषण देखाइएको छ जुन यस उपन्यासको उद्देश्य हो । उपन्यास जुनसुकै कालको र समयको भए पनि आफ्नो विचारमार्फत् इतिहास, समाज, यथार्थ, मनोविज्ञान आदि उद्देश्यअनुरूप वस्तु, पात्र आदिको निर्माण गरिनुपर्छ । कुनै पनि कृति विचारहीन हुनुहुँदैन । विचार उपन्यासको महत्त्वपूर्ण तत्त्व हो जसले दिशा देखाउँछ । यो कला हो दर्शन होइन ।

### १.३.५.८ कौतूहल

भाषा शैली, विचार आदिका माध्यमबाट पाठकलाई तान्नु कौतूहल हो । मनलाई अन्य विषयबाट खिचेर पाठमा स्थीर गर्ने सक्ने गुणको नाम हो कौतूहल । **आज रमिता छ**ले पाठकलाई विचारले तान्छ । **भ्रमर** शैलीले तान्छ, **अनुराधा** विचारले तान्छ । भाषाशैली र विचारमध्ये एक सवल भएमा त्यसले पाठकलाई कुतूहलता जगाउँछ । यी तीनको अभावमा उक्त कृति कौतूहलहीन हुन पुग्दछ र पाठकले जाँगर लगाएर

पढ्दैनन् । **भूमिसूक्त** उपन्यास आकर्षणहीन छ । उपन्यास वृहत् कृति भएकोले कौतूहलहीन हुनै हुँदैन् । पाठकलाई जागरणशील बनाइराख्ने तत्त्व हो कौतूहल ।

### १.३.५.९ द्वन्द्व

द्वन्द्व उपन्यासको वाह्य तर महत्त्वपूर्ण तत्त्व हो । द्वन्द्व वाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । आन्तरिक द्वन्द्वले नै वाह्य द्वन्द्वलाई जन्माउँछ । बाहिर प्रकट हुनुभन्दा अगाडिको द्वन्द्वलाई आन्तरिक र प्रकट भइसकेपछिको द्वन्द्वलाई वाह्य द्वन्द्व भनिन्छ तर यी दुवैको बीजाधान भने मानसिक पटलमा नै भएको हुन्छ । यस्ता द्वन्द्वहरू कहिल्यै एक्लैमा टुङ्गिन्छन् भने कहिल्यै दुई जनामा ।

### १.३.५.१० दृष्टिविन्दु

उपन्यासमा प्रयुक्त पात्र भोक्ता वा सहभागी भएर वस्तुका प्रतिघात, परिवेशका चाप, पीडा तथा स्थितिका सङ्घात भोगिरहको हुन्छ । पात्रले भोग्ने जीवनभोगमा लेखक स्वयं प्रवर्तित भएको हुन्छ । यतिबेला लेखक दुई विन्दुमा वितरित हुन्छ । प्रथम पुरुष दृष्टिविन्दु-म, हामी जहाँ लेखक स्वयंको उपस्थिति रहन्छ । तृतीय पुरुष दृष्टिविन्दु -ऊ, त्यो, उनीहरू, तिनीहरू जहाँ लेखकले पात्रका माध्यमले आफ्ना विचार पोखिरहेको हुन्छ ।

## १.४. सिर्जनात्मक लेखन

**नपुछिएको सिन्दूर** उपन्यासको सङ्क्षिप्त चिनारी

**नपुछिएको सिन्दूर** उपन्यास नेपाली समाजमा नारीमाथि गरिने व्यावहारलाई टपक्क टिपेर लेखिएको प्रगतिशील उपन्यास हो । श्रीमान् नहुँदा त सबै नारीले दुःखको अनुभव गर्लान् तर यस उपन्यासमा श्रीमान् भएर पनि एउटी नारीले बाँच्नु परेको विवशतामय जीवनको कारुणिक चित्रण गरिएको छ ।

बुबाको छोरो पाउने इच्छा विरुद्ध ग्रामीण मध्यमवर्गीय समाजमा जन्मेको 'म' पात्रले दानवीय व्यावहार पाउँछे मानवबाट, त्यसमा पनि आफ्नै बुबा र कान्छी

आमाबाट । पढ्ने, खेल्ने र आमा-बुबासँगै रमाएर जीवन बिताउन चाहे पनि आफन्तबाटै तिरस्कृत हुँदा सानै उमेरमा भए पनि आमालाई पाल्ने जिम्मा लिन्छे र अरूको घरमा काम गर्न थाल्छे । त्यहाँ उसले अनेकौं आरोपहरू सहनुपर्छ । मालिक्नीले उसलाई आफ्नो नालायक छोरो जो एउटै कक्षामा तीनचोटि फेल भएको छ, रक्सी र चुरोट खाएर जीवन बर्बाद गरिरहेछ, त्यसको पछि लागिस् भनेर मानसिक र शारीरिक यातना दिन्छिन् । एकदिन आफ्नी छोरीको किताब पढेको आरोपमा घरबाट नै निकाली दिन्छन् ।

कामकै सिलसिलामा ऊ सहरको एउटा सम्भ्रान्त परिवार कहाँ पुग्छे । त्यहाँ उसले आफ्नो उमेरभन्दा बढी काम गर्नुपर्ने हुन्छ । ऊ दिनहुँ गाडी सफा गर्छे तर त्यसभित्र बस्नुको अनुभव गर्न पाउँदिन । यद्यपि मानवेतर प्राणी कुकुर भने गाडीमा बसेर सहर घुमेर आउँछ । कुकुर सोफामा सुत्छ तर काम गर्ने म पात्र चिसो छिंडीमा । ऊ मासु पकाउँछे तर खान पाउँदिन, कुकुर भने दिनहुँ मासु, भातले अघाएको हुन्छ । दुःख, सुख जे गरेर भए पनि उसले हिम्मत हार्दिन ।

एकदिन अचानक उसलाई घर बोलाइन्छ । घर पुग्दा मात्रै उसले थाहा पाउँछे । उसको इच्छा विरुद्ध जीवनको सबैभन्दा महत्त्वपूर्ण र ठूलो निर्णय भएको रहेछ । ऊ त्यहाँ पुग्दा घर अगाडिको, आँगनभरि मान्छेको भीडभित्र कथावाचन, बाजाका केही मन्दस्वरहरू गुञ्जायमान भइरहेका जन्ति आँगनमा पुगिसकेका थिए । उसले केही सोच्न नपाउँदै उसलाई भित्र लगिन्छ र बेहुलीको रूपमा सिंगारिन्छ । बाध्यतावस मण्डपमा घुमिरहँदा उसको मनमा आगाका ज्वालाहरू दन्किरहन्छन् । उसको रिसाहा सिंहिनीजस्तो रूप कसैले देख्दैनन् सबै आफ्नै धुनमा मस्त हुन्छन् । कलङ्कको सिन्दूर पहिरेर ऊ कर्मथलो जान्छे । त्यहाँ उसले बुबाको सस्तो मोलमा आफू बेचिएको र आफूलाई माया गर्न होइन दास बनाउन ल्याएको कुरा आफ्नै श्रीमान्बाट थाहा पाउँछे ।

सासू नन्द, श्रीमान् सबैबाट अपमान सहेर बस्दा पनि एक दिन छोरीसहित घरबाट निकालिन्छे । बडो कष्टमय जीवन बिताउने क्रममा जोगिनीसित भेट हुन्छ । जोगिनी पनि पुरुषकै कारण दुर्गति भोग्न बाध्य पठित नारी रहिछ । छोरी बिमारी हुँदा ‘म’ पात्रले कसैको सहयोग पाउँदिन । लगनशील र कर्मशील छोरी पढ्नमा राम्री हुन्छे ।

पुरस्कार ग्रहण गर्न राजधानी जाँदा आफ्नो बुबाको अपहरणमा परी मारिने कार्य समेतमा ऊ अल्भिन्छे । छोरी मारेको आरोपमा छोरीमाथि कैयौँ सपना सजाएकी निर्दोष आमालाई जेलमा लगिन्छ । सम्पूर्ण रूपमा जीवन समाप्त भएर बाँचिरहनु पर्दाको नैराश्यमा आफ्नै छोरीको जस्तो अनुहार भएको प्रहरी निरीक्षकले आफ्नो ख्याल गरेको देख्दा छोरीको यादले झन् सताइदिन्छ । पछि थाहा पाउँछे, ऊ त आफ्नै छोरी पो रहिछे । छोरीले आफ्नो ज्यान मार्न खोजेको बुबालाई सप्रमाण आमा बसेकै जेलमा पुऱ्याउछे र आमालाई छुट्करा दिलाउँछे ।

उपन्यासमा प्रथम पुरुष दृष्टिकोणको प्रयोग गरिएको छ । ग्रामीणदेखि सहरिया परिवेशलाई यस उपन्यासले आफ्नो कार्यभूमि बनाएको छ । समाजका यथार्थ झल्काउनु र नारीमाथि गरिने व्यावहारको आलोचना अनि मानवीय प्रवृतिप्रति व्यङ्ग्य गर्नु प्रस्तुत उपन्यासको अभीष्ट हो । नारी सधैं पुरुषको दास भएर बस्न सक्दैनन् र उनीहरूलाई त्यसरी हेरिनु हुँदैन भन्ने भाव पनि उपन्यासमा अभिव्यञ्जित भएको छ । लैङ्गिक समस्या र वर्गीय विभेदलाई पनि उपन्यासले पाठकसामु ल्याउने कोशिस गरेको छ । एकातिर पुरुष र अर्कोतिर महिलाबाटै अपहेलित र घृणित नारीको जीवनलाई सरल सरस नेपाली भाषामा प्रस्तुत गरिएको छ ।

## १.४.१ उपन्यास विधा लिनाको कारण र उपन्यास लेखनमा आफ्नो पृष्ठभूमि

सिर्जनात्मक पत्रमा उपन्यास नै लिनाको खास कारण आफ्नो उपन्यासको लेखन क्षमतालाई बढाउने उद्देश्य नै हो । शोधपत्र लिने साथीहरू जत्तिकै सिर्जनापत्र लिएर पनि केही गर्न सकिन्छ भन्ने आफ्नो धारणा रहेकाले पनि यो पत्र लिएकी हुँ । अझै अर्को शब्दमा भन्दा आफ्नो सिर्जनात्मक लेखनलाई पनि निखार्दै लैजाने र शोध कार्य पनि पूर्ण गर्ने अभीष्ट लिएर नै मैले उपन्यास विधा चयन गरेकी हुँ ।

प्राथमिक कक्षामा पढ्दाका दिनदेखि नै साहित्यतिर अलिअलि रुचि भएकोले नै कविता र गीत रचना गरेर शिक्षकलाई पनि सुनाउँथे । समाजका असहाय गरिब र निमुखा व्यक्तिहरू कतै नियतिको चपेटामा परेर दुःख पाएको र कतै समाजभित्रकै फटाहा र शोषकहरूबाट लुटिएका र उब्जिएका आख्यानात्मक उपन्यास र कथाहरू

सुन्न र पढ्न पाउँदा आफू पनि समाजमा भए गरेका र हुन सक्ने घटनाहरूलाई संयोजन गरेर कथा र उपन्यास तयार गर्ने भावना जागृत हुन्थ्यो । अध्ययनका लागि क्याम्पसमा गएदेखि नै कथा र उपन्यासको अध्ययन गर्ने काम अझ अगाडि बढ्यो । त्यही बेलादेखि कविता, कथाका साथै अन्य विभिन्न किसिमका लेखहरू लेख्न थालें । आफ्ना रचनाहरू पत्रिकामा पनि प्रकाशित गर्दै लगें । विधार्थी अवस्थामै समाजमा घटित भएका घटनालाई आधार बनाई **भाउजू** उपन्यास तयार गरें जुन २०५९ सालमा प्रकाशित भयो । नारीले नारीमाथि गर्ने थिचोमिचोमा आधारित उपन्यास **भाउजू** २०५९ सालमै पुरस्कृत पनि भएपछि मैले आफूलाई उपन्यासकारका रूपमा पाएँ । विद्धत वर्गबाट निरन्तर लेखनतिर लाग्ने सुझाव, प्रेरणा र हौसला पनि पाइरहें । समाजका यथार्थ घटना र नारी समस्यालाई लिएर लेखन कार्यमा पनि लागिरहें । विकट मानिने सुदूरपश्चिममा नारी लेखिकाहरू कमै भेटिन्छन् । धेरैजसो घरायसी काममै लीन हुन्छन् । छोरीले पढ्नै नहुने परम्परावादी र रुढिग्रस्त समाजमा लेख्ने कार्य गर्दा समाजका लब्धप्रतिष्ठ बुद्धिजीवीहरूले नै निरुत्साहित पार्न खोजे पनि म भने आफ्नो इच्छामा अडिक रहें र आफूलाई लेखकका रूपमा प्रस्तुत गरेरै छोडें ।

## १.४.२ विषयवस्तु र शीर्षक चयन

प्रस्तुत उपन्यास **'नपुछिएको सिन्दूर'** नारी समस्यामा केन्द्रित रहेको छ । अहिलेको विकसित र शिक्षित समाजमा सबै ठाउँमा नारीहरू अपहेलित र उत्पीडित नहोलान् तर मैले देखेभोगेको सुदूरपश्चिम जहाँका महिलाहरू अझै पनि पुरुषको उत्पीडनको सिकार भइरहेका छन् त्यहाँको यथार्थतालाई औंल्याउने प्रयास यस उपन्यासमा भएको छ । यस उपन्यासकी प्रमुख पात्र 'म' मध्यम वर्गीय महिला भएता पनि सामाजिक कुसंस्कारका कारण छोरा पाउनै पर्ने मान्यतालाई प्रश्रय दिई बुबाले अर्की भित्र्याएपछि अरूको घरमा काम गर्न जानुपर्ने हुन्छ जहाँ उसलाई मानवीय मूल्य र मान्यतासमेत दिइँदैन । झुक्याएर उसको इच्छाविपरीत उसको बिहे गरिन्छ । उसले कर्म घरमा पाएका दुःखहरू अकल्पनीय छन् । बुहारीलाई मान्छे नै नगन्ने सासूको व्यवहारले ग्रसित 'म' पात्र आफ्नै लोग्नेबाट झन् कष्टमय जीवन भोग्न बाध्य छे ।

घरबाट निकालिए पनि सङ्घर्ष गरेर छोरीलाई पढाउँछिन् । छोरी अभिलाषाले उनको सपना पूरा गरेको कुरा यस उपन्यासमा देखाइएको छ ।

प्रस्तुत उपन्यासमा औंल्याइएका समस्याहरूलाई कतिपय ठाउँमा समाधानको बिन्दुसम्म पुऱ्याएकी छु भने कतिपय अवस्थामा समाधान पाठकहरूको हातमा नै छोडिदिएकी छु । लेखन क्रममा शैलीगत विविधता पनि अँगालेकी छु । एउटै उपन्यासभित्र पनि कतै व्याख्या कतै एकालाप त कतै संवाद शैलीको संयोजन गरेकी छु । व्यक्ति बोलीमा ध्यान दिएकी छु । प्रस्तुत उपन्यास तयार गर्दा सकेसम्म उपन्यास सिद्धान्तलाई ध्यान दिने काम भएको छ । कथानकलाई बढीभन्दा बढी सशक्त, सफल र व्यावहारिक बनाउने लक्ष्य रहेको छ । यस उपन्यासमा घटना र चरित्रको अन्तर्क्रियालाई विशेष ध्यान राखेकी छु । रूपविन्यास पक्षलाई सशक्त बनाउन आवश्यकताअनुसार सकेसम्म उखान र टुक्काहरूको प्रयोग पनि ठाउँठाउँमा गरेकी छु । यिनै कारणहरूले गर्दा यो आधुनिक सामाजिक यथार्थवादी धाराको प्रगतिशील उपन्यास हो । यसमा निमुखा वर्ग, अरूको शोषण र उत्पीडनमा जीउन बाध्य व्यक्तिहरूको चित्रण गरी मुक्तिको कामना गरिएकाले यसलाई म प्रगतिवादोन्मुख उपन्यास भन्न रुचाउँछु ।

# दोस्रो परिच्छेद

# 'नपुछिएको सिन्दूर' उपन्यास

## १

सिउँदोभरि सिन्दूर लगाउने शौक कहिल्यै छुट्न सकेन । अलि कम गरूँ भन्दा पनि नहुने । चाहे घरकै काममा दलिनु परोस् वा बाहिरको काममा जानु परोस् । न ओंठ राता हुन छोडे न सिउँदो खाली । श्रीमान् छउन्जेल सिउँदोमा सिन्दूर लगाउने हिन्दू नारीको कर्तव्य हो । त्यसैलाई पालन गर्नु मैले अनुचित पनि ठानिँन । आफू तिरस्कृत भएको अनुभव पनि कहिल्यै गरिन । मेरो सिन्दूरले समाजलाई व्यङ्गयको हाँसो दिएको कुरा पनि थाहा पाइन् । हो म स्वीकार गर्छु उनीभन्दा टाढा भएको कुरा । मैले उनीबाट कुनै सुख-सुविधा पाउन सकिन । अनौठो कुरा यो हो कि म उनको मुख सम्म पनि हेर्न चाहँदिन । त्यसैले म उनीभन्दा टाढा झुप्रोमा दिन गुजार्दै ............... । यसमा मेरो अनिच्छा पनि त छैन । त्यसैले यसमा मेरो लागि दुःखको कुरा के नै छ र ! मेरो प्रयोजन, मेरो योजना, मेरो उद्देश्य सफल भएको छ । के यो नै सन्तुष्टिको कुरा होइन् र ! के श्रीमान्को खुसीमा श्रीमती खुसी हुँदिन र ? के उनकै खुसीमा रमाउन सक्दिन र ऊ । आन्तरिक हृदयदेखि नै अर्काकी भइसकेकी नारीका लागि छुट्टै सुख, छुट्टै खुसी, छुट्टै वैभव, छुट्टै स्वार्थपूर्ण काम खै म त केही पनि देख्दिन् । यी सब उसका श्रीमान्सँगै मिलेका हुन्छन् एकपछि अर्को गरेर ।

उनीसँग अलग हुँदा मसँग सानी छोरी जो मेरो सहाराविना बाँच्न सक्दिनथी । ६ महिनाकी दूध खाने छोरी करबलले मेरै साथमा । ऊ ठूली भएर सोध्न थाल्छे आफ्नो बाबाका बारेमा, सम्पूर्ण परिवारका बारेमा । ऊ किन यतिका कुरा जान्न चाहन्छे त्यो त मैले कहिल्यै सोँचिन बरु उसको कुरा टार्ने कोशिस भने मनग्य गरेँ तर बालहठको अगाडि कसको पो के चल्छ र अनि मेरो चल्नु । मैले उसलाई झुटा कथा पनि भन्नै पर्ने । बालकको कानमा झुट सत्य भएर सधैंभरि नटिक्दो रहेछ । नभए ऊ मसँग यस्तो होइन आमा मलाई किन ढाट्नु भएको भनेर सोध्दैनथी ।

मैले यसको कारण जान्न धेरै मिहिनेत गर्नै परेन । जब म आफ्नो काममा बाहिर जाँदै हुन्छु । छोरी अरू धेरै बालबालिकासँग खेल्दै गरेको देख्दा हेरिरहन मन लाग्छ उनीहरूमा भएका तर्क वितर्क सुनिरहन मन लाग्छ ।

अभिलाषा तिम्रा बाले यसपाली दशैंमा तिम्रा लागि के ल्याई दिन्छन् । तिम्रा बाले तिमीलाई धेरै माया गर्छन् होला हगि ! अभिलाषासँग टाँस्सिएर समूह मध्येकै एउटीले भनी ।

अभिलाषा प्रतिक्रियाहीन उभिइरहन्छे । आखिर ऊ भनोस् पनि के ? कहिल्यै बाको मुखसम्म देखेको भए त एउटा कुरा । मायाको कुरा कँहाबाट जानोस् ऊ ।

अभिलाषाको बाले त उसको आमा र उसलाई छोडेको रे ! पोहोर सालको दशैंमा पनि त उसको बा घर आउनुभएन नि । यसपाली पनि के आउने होला र ! अभिलाषाको नजिककै अर्की केटीले थपी ।

उतातिरबाट अर्को चालक कराउँछ -यिनीहरूको त मामाघर पनि छैन क्या हो ? तिहारमा हामी त मामाघर जान्छौँ तर यिनीहरू भने सधैं घरमै ।

हेर न यसको अनुहार कस्तो छ ? रुन्चे अर्को बालक बोल्छ । विचरा अभिलाषालाई किन तिमीहरूले रुन न हाँस्नु बनायौ हँ अबदेखि उसँग कोही पनि यसरी बोल्ने छैन । साथी साथी भएर मिलेर बस्नुपर्छ भन्ने तिमीहरूलाई थाहा छैन । हिँड अभिलाषा मसँग शिक्षिकाले उसलाई अँगालोमा च्यापेर लगिन् ।

मलाई छोरीको त्यस निरस, रुग्ण अनुहारले मुक्ति दिलाउन सकेन । न मेरो आँखाबाट ती दृश्यहरू, उसँग भनिएका शब्दहरू नै ओझेल हुन सके । एउटा ठूलो सङ्कट, समस्यामाथि समस्याले जेल्न थाल्छन् मलाई । कसरी छोरीको समस्या सुल्झाउने कसरी उसलाई साथीहरूबीच प्रतिवाद गर्न सक्ने बनाउने , कसरी खुसी पार्ने उसलाई, बाका बारेमा के भन्ने ? यस्ता यस्तै सोचाइहरू मेरो मनभित्र तरङ्गित भइदिन्छन् । जति आफ्नो मनलाई प्रश्न गरे पनि उत्तर भने नपाइने । पाइएको उत्तर पनि सन्तुष्टिजनक होइन । कस्तो शून्यताबोध । लाग्छ छोरीलाई सबै कुरा बताइदिऊँ जसले गर्दा उसले साथीहरू सामु प्रतिक्रियाहीन उभिन नपरोस् । अपहेलित हुन

नपरोस् । उसले साथीहरूका अगाडि जोश र आँट देखाउन सकोस् । जुनसुकै आमाले पनि यही चाहँदा रहेछन् कि उसको सन्तान खुसी होस्, देख्नामा राम्रो र स्वस्थ्य । साथीहरूमा सबैभन्दा जान्ने र बलियो । हो यी सब कुरा मेरो मनमा नउब्जेका भए म पनि आफ्नो सम्पूर्ण विगत पढ्ने प्रयास उस अबोध बालिकाका सामु गर्ने साहस गर्दिन थिएँ हुँला ।

साँझ पख घर फर्किदा बाटामा नै छोरीले मलाई समाती । आमा आज के खाने ?

भात ! मैले छोरीलाई सुम्सुम्यादै भनेँ ।

आज तपाईंले एउटा कुरा नभनेसम्म म खाना नै खान्न ।

के ? छोरी ! मैले छोरीलाई अँगालोमा टाँस्दै भने ।

बाका बारेमा ! साथीहरूले भनेको यसको बा मरेको भए त यसको आमाले न सिन्दूर लगाउँथी न रातो लुगा । यसको बा भएर पनि यिनीहरूलाई माया गर्दैनन् । आखिर किन आमा ! मैले त्यस्तो के गरेकी छु जसले गर्दा बाको मायाबाट टाढा रहनु पर्‍यो । आज त तपाईंले यो नभनी सुख नै पाउनु हुन्न ।

जसलाई म घृणा गर्छु र जसको नामसम्म पनि सुन्न चाहन्न त्यसैको बारेमा जान्न छोरी खुब उत्सुक छे । कति दिन त मैले श्रीमान्को रिस छोरीमाथि खनाएकी छु । अबोध बालिकालाई विना गल्ती पिटेकी छु । जब छोरी आफ्नो बाका बारेमा जान्न चाहन्छे र उसकी छोरीको रूपमा जब छोरीलाई देख्छु तब मेरा खुट्टादेखि टाउँकासम्मका रौंहरू हल्लिन थाल्छन् । रिसले म काली नीली हुन्छु । छोरीलाई उसकै प्रतिरूप देख्न थाल्छु र पागलझैं छोरीलाई झम्टन थाल्छु । रिसले उसको घाँटी निमोट्छु । म बेहोस भएर लड्छु ।

एकै छिनमा मेरो मातृत्व उर्लेर आउँछ र म छोरीलाई अँगालो हाल्छु । ऊ सुक्क सुक्क रोइरहेकी हुन्छे ।

तर आज मैले यसो गरिन । बरु छोरीलाई यी सम्पूर्ण कुरा कसरी बताउने भनेर सोचेँ । म उसलाई यो भन्न सक्दिन कि आफूले पहिरेको पहिरनलाई म घृणा गर्छु तर समाजलाई देखाउन लगाईरहेकी छु । आफ्नो इच्छाअनुसार केही गर्न पाएकी छैन मैले । जीवन पनि अरूअनुसार नै जीएकी छु ।

मेरो मौनता देखेर होला छोरी मेरो काखमा पल्टेर भन्न थाल्छे किन चुप लाग्नु भएको आमा ? के म यी सब कुरा जान्न सक्दिन र !

छोरीप्रतिको माया एकसाथ उर्लेर आउँछ । आफ्नो अँगालोमा बेसरी च्याप्छु उसलाई ⁄ अनि आफ्नो विगत खोतल्न थाल्छु एउटा अबोध बालिका अभिलाषाका सामु ।

× × ×

## २

म आमाको अभागिनी सन्तान जसको जन्मबाट नै उनी श्रीमान्‌बाट टाढा रहन पुगिन् । सानै उमेरमा आमाले आफ्नो घरको इच्छाविपरीत आफैसित पढ्ने वीरे भन्ने केटासित बिहे गर्नु भएको रे ! सन्तान जन्माउँदा सौन्दर्यविहीन हुने र सन्तानको पालन, पोषणमा लागेपछि आफ्नो इच्छा पूर्ति नहुने देखेपछि बाले सन्तान जन्माउन सक्षम हुँदाहुँदै पनि जन्माउन नदिई भ्रुणहरू एकपछि अर्को फाल्न लगाउनु भएको रे ! जब उहाँलाई सन्तानको इच्छा भयो त्यसपछि म अभागिनी जन्मेँ । भ्रुण फ्याँक्दा - फ्याँक्दा बच्चादानी खराब भइसकेकाले मसँगै आमाको बच्चादानी पनि फ्याँकिएको रे !

आजको सभ्य समाजमा छोरीले पुगेन । छोरीले त न दाहसंस्कार गर्न सक्छे न काजक्रिया जसले गर्दा बा-आमाको स्वर्ग जाने बाटो छेकिन्छ तर उनीहरूलाई त स्वर्ग चाहियो । मरेपछिको सुख, अन्धो गोरुलाई हरियो घाँसमा भएको कल्पना । जो सुख छोराले मात्र दिन सक्छ । त्यस्तो रमाइलो स्वर्ग जहाँको यथार्थ स्थिति कसैले देखेको छैन न त्यो सुख कसैले उपभोग गर्न नै पाएको छ, न कसैले आँखा अघाउन्जेलसम्म हेरेको । केवल कर्णप्रिय बनेका छन् शब्दहरू जुन त्यहाँको बारेमा भनिएका छन् । कुनै राम्रो दृश्यलाई आफ्नोसामु राखी चिन्तारहित मनले आँखा चिम्लेर रमाउनु पनि के स्वर्ग होइन र ! आखिर मरेपछि त आँखा चिम्लिन्छ नै । ऊ आफ्नो अन्त्येष्टिपछि खरानी भएर मट्टीमा विलीन हुने कुरा कसरी सम्झोस् ? यस्तो विवेक मानिसले कहाँ नै पाएको छ र ! अरूको अन्त्येष्टि देखे पनि स्वयम् उसले अनुभव त गरेको हुँदैन । मानव सोंच्दो हो सेतो कात्रोमा बाँधेर उसलाई स्वर्ग वा नर्क लगिँदै छ । यो कुरा मात्र छोराबाट सम्भव छ । छोराले त्यस लाशलाई दागवत्ती दिनेबित्तिकै अथवा सेतो वस्त्र पहिरेर बस्दैमा ऊ स्वर्ग जान सक्छ जहाँ उसले सम्पूर्ण वैभव प्राप्त गर्छ । उसको यो जुनी र अर्को जुनी पनि सप्रिन्छ । उसले गरेका सम्पूर्ण पाप पखालिन्छन् । छोराले दागवत्ती दिएपछि ।

म यही समाजको खराबी अरे जसले सुखको होइन दुःखको अनुभूति आफ्नो बा-आमाको अन्त्येष्टिपछि गराउने थिएँ । आमामा पनि त्यस्तो शक्ति रहेन जसले सुखको

अनुभूति दिलाउने सन्तान छोरो जन्माउन सकोस् । आखिर आमाको दोष नै के थियो र ! उनले त त्यस्ता कति सन्तान गुमाइन् केवल श्रीमान्को सुखको लागि उनको इच्छा पूर्तिको लागि ।

मानव जहिले पनि मात्र आफ्नो सुख हेर्छ । त्यसको लागि ऊ जे गर्न पनि तयार हुन्छ । ऊ विनासकारी भएर जन्मन्छ जब उसले चाहेको कुरा पाउँदैन । ऊ क्रान्तिकारी बन्छ जब ऊ शासन सत्ताबाट सन्तुष्ट रहदैन अथवा त्यहाँबाट उसले आफ्नो स्वार्थ पूरा गर्न सक्तैन । ऊ किन पछि पर्छ बाउलाई मार्न । किन छोरीको मुखमा लात हान्दैन ऊ । स्वास्नी भनेको त झन् पुरुषको जुत्ता अरे । आवश्यकताअनुसार जुनसुकै बेला जस्तोसुकै जुत्ता पहिरन सकिने ।

हो बाका लागि आमाको प्रयोजन कम हुँदै गयो । यौवन पनि ढल्यो, अनुहार च्याउरी पर्न थाल्यो, सुन्दरता कम हुँदै गयो । सन्तानको स्याहार सम्भारमा लागेपछि श्रीमान्को सेवा गर्ने उति फुर्सद कहाँ हुनु । त्यसैमा छोरो जन्माउन नसक्ने भनेपछि के मन लाग्थ्यो र आमातिर बाको ।

घरमा अर्की हुलेपछि ऊ नै घरभरिकी भई । अरूलाई त्यस घरमा कहाँ ठाउँ हुनु । सौता भनेपछि त त्यस ठाँउमा निर्जीव वस्तु नै भए पनि रिस उठ्छ अरे ! साच्चैकी नारी आफूले सुत्ने ओछ्यानमा सुतेको देख्दा त कसको मन खुसी होला । फेरि लोग्नेको मन पनि कान्छीतिर नै जान्छ । भर्खरकी वैंशले छोएकी केटी छोडेर, गालामा च्याउरी परेकी, सन्तानकी आमा भइसकेकी आङ्मा रगत सिद्धिएकी श्रीमतीतिर श्रीमान्को मन के जानु, त्यसैमा सँधै देखेकी, उपभोग गरेर रित्याएकी । तिर्खाएको मानिसलाई खाली गाग्रीको के काम । अहंकारी भोको मान्छेले एउटा कोदाका रोटीमा आफ्नो भोक कसरी मेटाउन सक्थ्यो र ! गहुँ, चामलको भकारी रित्याएपछि कोदामा नै चित्त बुझाउनु पर्छ भन्ने कुरा त बिर्सिहाल्छ मानव ।

पुरुषलाई जुत्ता फेर्न कति बेर लाग्छ र । अनि पुराना जुत्तालाई घरमा आश्रय दिइरहन उसले कति चाहनु । किन पालिस गर्नु पर्‍यो, किन बुरुस गर्नु पर्‍यो, पुरानो फ्याँकिएको जुत्तालाई । त्यो पालिस र बुरुष त अब नयाँ जुत्तालाई पो लगाउने जसले खुट्टालाई चम्काओस् । मर्यादालाई बढाओस्, आफूलाई एउटा उच्च मानव देखाओस् ।

छोरा पाउनको लागि भित्र्याएकी दुलहीले छोरा पाएपछि उसले जमीनमा किन हेर्नु । किन उसको श्रीमान्ले उसलाई माया नगरी अरूलाई गर्नु । छोराको जन्मसँगै स्वर्गीय वैभवको सपना सजाउँछन् मानिस । छोरो पाउनेवित्तिकै एउटा नारीले अर्को नारीलाई मानवताको दृष्टिले पनि हेर्न नसक्नु कतिसम्म र कहिलेसम्मको लागि सहनीय हुन सक्छ । एउटा नारीले पाएको अधिकारमा लात हानी त्यस ठाउँमा आएर बस्नु के वास्तबमै मानवीय गुण हो ? पुरुषबाट भन्दा नारी-नारीबाटै दुईगुणा बढी अपहेलित र शोषित भएको बिर्सन्छन् तर किन बिर्सन्छन् आफैद्वारा अपहेलित भएको । आफूजस्तै नारीलाई दमन गरेको, उसको अधिकार खोसेर आफूले रजाइँ गरेको ।

दुलहीको छोरा हुर्केर बढेपछि ऊ स्कुल जान थाल्छ । म स्कुलबाट निकालिएर घरायसी काममा सक्रिय हुन्छु । मैले काम गरेको र भाइ स्कुल गएको देख्दा आमाको आँखामा सधै आँसु टलपलाइरहन्छ तर उनी त्यसबाहेक बढ्ता केही गर्न सक्दिनन् । बस रोएर आँसु रित्याउनु मात्रै । कसले बुझ्दिदेओस् ती आँसुको मर्म, त्यस पीडाको भाव, त्यस दुःखमा मलम कसले लगाओस् । औषधी नगर्दा घाउ निको हुनुको सट्टा झन् ठूलो हुँदोरहेछ । कापी, कलम समातेर पढ्ने, लेख्ने उमेरमा घरको जटिल काममा सक्रिय रहनु पर्दा कसको मन रुँदैन होला तर रोएर पो के हुन्छ र खाली दुनियाँ हँसाउनु सिवाय आमा र मेरो आँखामा सधै आँसुका ढिका मात्रै टलपल टलपल गरिरहने । ओंठमा मुस्कानका रेखासम्म पनि देख्न नपाइने कस्तो विडम्वना ।

आमा र मैले नचाहिँदा आरोप सहनुपर्छ । भए नभएका कुरा सुन्नुपर्छ । कहिलेकाहीँ त कान्छी आमाले छोरा नभएकी आइमाईको हातको पानी पनि खान हुँदैन भनेर आमाले ल्याएको पानीको गाग्री आमाकै टाउँकामा खन्याइदिन्छिन् । मलाई यी सब कुरा देखेर नरमाइलो लागेर आउँछ तर केही गर्न सक्दिन केवल रोएर बस्न बाहेक । आमा झन् जे गरे पनि सहिमात्रै रहने । कुनै विरोधको प्रतिक्रिया कहिल्यै जनाउने होइनन् । बाको त के कुरा भो र । उनी त एउटा पुरुष, जसको अधिनमा नारी चल्नुपर्छ । गोरुले झैं जतातिर पुरुषले जोतायो उतैतिर जोतिनुपर्छ नारीले । सम्पूर्ण शक्तिले युक्त पुरुष बामा घमण्ड पनि किन नहोस् । पुरुषलाई हाम्रो समाजले परम्परादेखि नै शक्तिशाली र प्रभुत्वशाली ठान्दै आएको छ । अनि नारीलाई अबला र शक्तिहीन ।

परम्पराबाट पाएको शक्तिको सदुपयोग गर्दै रक्सीको नसामा लर्खराउँदै बा कराउनु हुन्छ । मर्दका दशओटी । तँजस्ता त कति-कति ल्याउन सक्छु । तँ यो घरमा बस्दै नबस् । तँलाई थाहा छैन 'थोराली भैसी प्यारी छोराली स्वास्नी प्यारी' भनेर । एउटा छोरा जन्माउन नसक्ने श्रीमतीको घरमा के काम । बाँझो भैंसीलाई कसैले पालेर राख्छ ? तँ गइहाल्, केही काम छैन तेरो यो घरमा । गोठमा दुधालु भैंसी आइसकेपछि सबै स्याहार-सुसार उसैले पाउँछ । यस्ता अनेकौं कुरा ओकेल्दै बाले लातको प्रहार गर्नुहुन्थ्यो । आमा चुपचाप सहदै उल्टै खुट्टामा ढोगेर माफ गर प्रभु ! मरे नि हजुरकै हातबाट मर्न पाऊँ, मेरो देउता नरिसाउनुहोस् भनेर उल्टो बालाई ढोग्ने, अझै शरण पर्ने, गल्ती नगरीकन पनि माफि माग्ने । मलाई आमा यतिसम्म गिरेको मन पर्दैन तर बाको अगाडि बोल्ने साहस गर्न सक्दिन । बदलाको भावना भने मनग्गे पलाएर आउँछ मनमा । सौँच्छु बासँग ठूली भएपछि बदला लिएरै छोड्छु । म आफू एउटा चिलको पञ्जाको सिकार हुँ भन्ने कुरा बिर्सन्छु र बदलाको कुरा सौँच्छु । बिरालोको मुखमा परिसकेको मुसो एकछिन बिरालोले छोड्दा म उम्के भन्ने ठानेर दगुर्छ । उसलाई अब बिरालोबाट मुक्ति पाइँदैन भन्ने थाहा हुँदैन । अन्तिम अवस्थासम्म कसैले आफ्नो हिम्मत हार्नु पनि त हुँदैन नत्र जीवित प्राणी भएको काम नै के भो र !

आमा आफूले नखाएर पनि मीठो खाने कुरा जति सबै भाइलाई दिनुहुन्छ । तर कान्छी आमालाई आमाले भाइलाई माया गरेजस्तो गरेर विष खुवाएर मार्ने भइ भन्दै कान्छी आमा आँखै नदेखी आमालाई झम्टनुहुन्छ । कति दिन कान्छी आमाले पिट्दा पिट्दै आमा मूर्छा पर्दा मैले नै पानी छर्केर होसमा ल्याएकी छु । यति हुँदा पनि आमाको भाइप्रतिको र बाप्रतिको माया एक इन्च पनि कम भएन आफूमाथिका जस्तासुकै अन्याय अत्याचार सहेर पनि आमाले घर छोड्न मान्नुभएन । न आफूले गर्ने मायामा नै कमी ल्याउनु भयो । आमाले जति सहनु हुन्थ्यो त्यति नै उहाँमाथि अझ प्रहार भइरहन्थ्यो ।

निर्दोष महिला-महिलाबाटै कतिसम्म कहिलेसम्म पीडित भइरहने होला मैले अनुमान लगाउन सकिन । मैले आमाको ठूलो दोष देखेको छु त्यो हो सहनशीलता । अपराध सहनु पनि के अपराध होइन र । विनासित्ति आफूमाथि लगाइएका लान्छना र

विनाकारण आफूलाई दिएको सजाय सहनु मेरो नजरमा ठूलो भूल र दोष हो । आमाले आफूमाथि गरिने व्यवहारको प्रतिकार गरेको भए के उहाँमाथि यस्ता घटनाहरू दोहोरिने सम्भावना थियो त ? यस्ता-यस्ता अनेक कुरा सोचेर म घोरिइरहन्छु । आमामाथि भइरहेको अन्यायको बारेमा सोचिरहँदा आफूमाथि बज्र प्रहार भएको थाहा पाउँदिन । म लछारिएर भुइँमा पछारिन्छु । अनि ममाथि भएका बाणीका प्रहार त न म सबै सम्झन सक्छु न सम्झन नै चाहन्छु ।

आमा भाग्यमा विश्वास गर्नुहुन्छ । हामीमाथि जे भइरहेछ त्यो सब भाग्यले गर्दा हो । कर्मका लेखिएर यस्तै आएपछि अरूलाई दोष दिएर पो के हुन्छ र । सब चुपचाप नियतिको खेल सम्झेर सहनुपर्छ छोरी भन्दै आमाले मलाई सम्झाएको चित्त नबुझ्ने । म कर्मवादी, काममा विश्वास गर्ने मान्छे । आमा र मेरा यी विषयमा कुरा बाँझिरहन्छन् । जे भए नि सानीआमा विरुद्ध आवाज उठाउन मैले कहिल्यै सकिन ।

एक दिन यस्तो आयो हामीले जति सहे पनि घरबाट निस्कनै पर्ने भयो । त्यतिखेर म १० बर्षकी थिएँ । मैले आमालाई पाल्ने जिम्मा आफ्नो काँधमा लिएँ । म साहुकहाँ काम गर्न गएँ । आफ्नो उमेरभन्दा धेरै काम गर्नुपर्थ्यो ।

साहुकी छोरी पनि मेरै उमेरकी थिई । ऊ स्कुल जान्थी । उसले पढेको देख्दा आफूलाई पनि पढ्न मन त लाग्थ्यो तर मन लागेर मात्रै कहाँ हुँदो रहेछ र ! पूर्ण बञ्चित थिएँ म कापी किताबबाट । ऊ सित खेलेको देख्दा साहु (मालिक)ले गालि गर्नुहुन्थ्यो । साहुभन्दा साहुनी बढी छुच्ची थिई । एकचोटि खाली बसेको देख्नै नहुने उसलाई त । कति निर्दयी, कति क्रूर । म जहाँ जान्थेँ पुरुषभन्दा नारीबाट नै बढी उत्पीडित र शोषित हुन्थेँ ।

मालिकले छोरालाई पढाउन सहर पठाएका थिए । कहिलेकाहीँ चाडपर्वमा ऊ घर आउँथ्यो । दश कक्षामा तीनचोटि ऊ फेल भइसकेको रे । बिहान खाना खाइसकेपछि भित्रको काम सिध्याएर बाहिरको काम गर्दा ऊ मैले देख्ने गरी बस्थ्यो र एउटा लामो चुरोट दुई औंलाले च्याँप्थ्यो अनि एउटा खुट्टामा अर्को खुट्टा राखेर हल्लाउँथ्यो । चुरोटको धुवाँ फ्याँक्दै पटक-पटक मतिर आँखा घुमाउँथ्यो घरि-घरि बोलाएर अनेक काम गर्न लागउँथ्यो । धेरै जसो मेरो काम पर्ने ठाउँमा बसेर काम गर्न

जाँदा चुरोटको धुँवा मुखमा फ्याँक्थ्यो । ऊ खुट्टामाथि खुट्टा राखेर चुरोट तान्दा आफूलाई खुब ठूलो मानिस भएको ठान्दो होला । त्यतिखेर ऊ आफूलाई अर्कै दुनियामा भएको महसुस गर्थ्यो । मानौ ऊ नै संसारको सबैभन्दा ठूलो प्राणी हो । ऊ मसँग नजिक हुन चाहन्थ्यो । कुनै न कुनै निहुँ पारेर बोल्न खोज्थ्यो । म उसले अऱ्हाएका काम गरिदिन्थेँ । यसबाहेक उसको केही मतलब गर्दिनथेँ ।

मालिक-मालिक्नी घाम ताप्दै बसिरहनु भएको थियो म बारी गोड्दै थिएँ । दुवैजना घरका समस्यालाई लिएर कुरा गर्दै थिए । यतिकैमा मालिक्नीले भनिन्-छोरा आजकल काम गर्ने केटीतिर खुब लहसिएको छ । मालिकको छोरासँग बिहे गर्न पाइएला भनेर त्यो पनि छोराको खुबै ख्याल राख्छे । त्यसको रूप देखेर पनि छोरा लोभिएजस्तो छ । काम गर्ने भनेर के गर्नु वैंशले छुनै लागेकी छे फेरि रूप हेर्दा काम गर्नेको जस्तो पनि त छैन । कतै छोरोले लिएर हिँडिदियो भने ............. । सर्वनास हुन्छ है बूढा । छोराको ख्याल गर्नू ।

यी कुरा सुन्दा मेरो मुटु हल्लिएर आयो । उनीहरूको नजरमा म एउटा काम गर्ने नोकर्नी जसको कुनै इच्छा र आकाङ्क्षा छैन । जो मालिकको नालायक छोरासँग बिहे गर्न पाउँदा पनि खुसी हुन्छे । तर उनीहरूलाई के थाहा म पुरुषलाई कति घृणा गर्छु भनेर । म पुरुषको पन्जामा कहिल्यै पनि पर्न चाहँदिन भन्ने पनि थाहा छैन उनीहरूलाई काम गर्नेहरूको पनि मन हुन्छ । उनीहरूको पनि इच्छा आकाङ्क्षा हुन्छ भन्ने कुरा मालिक मालिक्नीलाई के थाहा ?

जब म घर जान्थेँ आमाको त्यस दुःखद् अवस्था देखेर एक मिनेट पनि त्यहाँ बसी नसक्नु हुन्थ्यो । कान्छी आमाको आफू र आमाप्रतिको व्यवहार अनि बाको व्यवहार देख्दा लाग्थ्यो घरमा फर्केर कहिल्यै नआऊँ । यहाँबाट धेरै टाढा जाऊँ जहाँबाट घरको बारेमा (कान्छी आमा बा) केही पनि सुन्नसम्म पनि नपाइयोस् । आफ्नो दुःख त्यही ढुङ्गा माटोसँग पोख्नु परोस् तर यिनीहरूको अगाडि आँसु चुहाउनु नपरोस् ।

दिन प्रतिदिन कामबाट मुक्ति पाउन र आमालाई लिएर कुनै एकान्त ठाउँमा जान मन लाग्ने । आमाले बिहेको कुरा गर्दा पनि आमाको जस्तै स्थिति आफूलाई पनि आइपर्ने शङ्काले बिहेको कुरा सुनाउनै नहुने । बढेकी छोरी बिहे नगरी घरमा राखी

राख्दा समाजले नराम्रा आक्षेप लगाउने डरले आमा दिनप्रतिदिन बिहेको कुराबाहेक अरू केही नगर्ने ।

मलाई चौध बर्षले छोएको थियो । आमालाई उमेर बढी भइसक्यो भन्ने चिन्ता थियो । यसपाली तैंले जसरी पनि बिहे गर्नै पर्छ । आमाले मलाई आग्रहको स्वरमा भन्नुभयो ।

बिहे भन्ने वित्तिकै मेरो दिमाग तातेर आउँथ्यो । मेरो आँखाको दृष्टि हराउँथ्यो जसले पुरुषलाई घृणा गर्छ त्यसले कसरी पुरुषको सहकार्य स्वीकार गर्न सक्छ । मलाई आमालाई कसरी दुःखबाट मुक्त गराऊँ भन्ने चिन्ता थियो । आमालाई मेरो बिहेको । आफूमा आएका सबै रिस आमामाथि खन्याएर न म आमालाई दुःखित पार्न चाहन्थेँ, न त यस्ता कुरा सुन्न नै सक्थेँ । मुटुलाई ढुङ्गाले च्यापेर ओठलाई हसाउने प्रयास गर्दै बिहेप्रतिको नकारात्मक उत्तर दिन्थेँ आमालाई ।

आखिर तिमी कसको सहारामा बस्छ्यौ ? भविष्यलाई सम्झ । तिमीलाई जीवन रक्षक त चाहिन्छ नै । मायालु स्वरमा भन्नुभयो आमाले ।

आमा तपाईं आफ्नो जीवनलाई फर्केर हेर्न सक्नुहुन्छ । के मेरो जीवनमा पनि यस्तै होला भन्न सकिन्न र । मैले थपेँ ।

छोड छोरी ती कुरा सबैको एउटै हुँदैन जीवन । आमालाई कति सम्झाउँदा पनि केही न लागेपछि म भित्रको म जाग्छ । मेरो स्वर चर्किन्छ, थर्किन्छ र म भन्न थाल्छु :

आमा म सुतेको सामाजिक संरचनालाई ब्युँझाउन चाहन्छु  दलदलमा गिरेको समाजलाई निस्वार्थ बाटोमा अग्रसर गराउन चाहन्छु । मानवताको दृष्टिले हेर्न र हेरिन चाहन्छु । बाजस्ता स्वार्थीलाई कुकर्मको फल चखाउन चाहन्छु । म अस्ताएर विलीन हुन चाहँदिन, उदाउन चाहन्छु फक्रन चाहन्छु ............... ।

आमाले मलाई काखमा च्याँप्दै भन्नुहुन्थ्यो छोरीको जातले रिसाउनु हुँदैन । धेरै शहन गर्नुपर्छ । जात मिल्ने केटा बाले खोज्नु भएको छ त्यसैले नाइ नभन है ।

जात ! म जातलाई होइन पितृसत्ताको  अहङ्कार बोकेको पुरुषलाई घृणा गर्छु । जात त केवल दुईटा हुन्छन् । पुरुष र नारी । बिहे गर्नलाई जात मिल्नु पर्दैन । मन मिल्नुपर्छ, उद्देश्य मिल्नुपर्छ । मन मिल्यो भने बिहे गर्नलाई पञ्चे बाजा बजाउनु पर्दैन, न भोज नै खुवाउनु पर्छ । ऋण दान गरेर साहुको जातोमा पिसिनु पर्ने बाध्यता पनि नहुने । दाइजो भनेको त आमा बुबाले दिने आर्शिवाद हो । तर म जानी-जानी पुरुषको पन्जाको सिकार बन्न चाहन्न । न म खेलौना र मनोरञ्जनको साधनको रूपमा नै प्रयोग हुन चाहन्छु ।

एक दिन साहुकी छोरीको किताब हेरेर बसेकी के थिएँ । कामबाट नै निकाल्ने धम्की दिइयो । स्कूल जाने, पढ्ने, खेल्ने, रमाउने उमेरमा अरूको नोकर भएर बस्न त कसलाई पो मन हुन्छ र ! तर बाध्यताले किचिदिए पछि के गर्नु । कामबाट नलिकाली दिन मैले साहुनीलाई अनुरोध गरेँ । परिवार धेरै ठूलो थियो त्यसमा पनि पाहुनाहरू आइरहने । खाएको जुठो भाँडो माभ्नेदेखि लिएर घरका अन्य जटिल काम पनि गर्नुपर्थ्यो । थाकेर बस्न खोज्दा साहुनीले पिट्थिन् ।

आमालाई बाका अँगालोमा देख्दा रिस उठेर आउँथ्यो । त्यस घृणादायी, स्वार्थी अँगालेबाट सदासदाका लागि आमालाई स्वतन्त्र पार्न चाहन्थेँ । आमाले सिउँदो रङ्गाएको, हातमा चुरा लगाएको मलाई सही सक्नु हुन्थेन । म पटक-पटक आमालाई आग्रह गर्थें सिन्दूर पुछ्न र चुरा फुटाल्न । तर आमा मरे पनि नमान्ने । उल्टो मलाई भन्नुहुन्थ्यो तँलाई थाहा छैन सिन्दूर र चुराको महत्त्व, जब तैँले आफैले लगाउने छेस् त्यसपछि मलाई बारम्बार यस्तो भन्नै नहुने शब्द कहिल्यै भन्ने छैनस् । लोग्ने घरमा छँदाछँदै कुनै पनि आइमाईले सिन्दूर पुछ्ने र चुरा फुटाल्ने साहस गर्दिन । यसो गर्नु भनेको त पतिव्रता धर्मको उलङ्घन गर्नु हो । जीउँदै श्रीमान्लाई जलाउनु हो । हिन्दू धर्मको विरुद्धमा जानु हो । आफूलाई आफैले अपहेलित र घृणित गर्नु हो ।

म हुन्थेँ आमाका यी सब विचारसँग असहमत । पुरुषले आफूमाथि जे जस्तो व्यवहार गरे पनि उसलाई पूजीराख्नु उसका जे जस्ता व्यवहार पनि सहीराख्नु कसरी सहनीय होस् मेरा लागि । के अपराध गर्नेभन्दा सहने झन् दोषी होइन र ! बाले कहिले पनि आमालाई आफ्नी सहयात्रीको रूपमा हेर्नु भएन । बरु दासी, अझ भनु

मनोरञ्जनको सस्तो साधन नभए किन बाले जुत्ता फेरेझैँ स्वास्नी फेरेको । किन आमालाई लुछ्न र चिमोट्नबाहेक अरू कुनै परवाह नगरेको । छोरीलाई एउटा साधारण मानव सरहको व्यवहारसमेत गर्न नसक्नु भएको । कान्छी आमालाई पनि भनेजस्तो सुख, आनन्द कहाँ नै थियो र ! उनी पतिसँगै भए पनि पुरुषत्वको जातोमुनि त उनले पनि पिसिनु परेको थियो नै । चाहे आमाभन्दा अलि कम नै किन नहोस् । यस्तो घर जहाँ नारीलाई जिउँदै दागवत्ती दिइन्छ त्यस्तो घरमा एक मिनेट पनि बस्न मन नलागे पनि आखिर जाने ठाउँ कहाँ नै थियो र ! चिन्ता त आमाको मात्रै । उनी त मसानघाटलाई पनि देवताको वासस्थान ठानी पूजा गर्ने । ढुङ्गालाई भगवानको अवतार ठान्ने । तर उनको पूजाआजाले उनलाई कति नै आनन्दानुभूति दिन सक्थ्यो र । केबल आत्मसन्तुष्टिका धमिला रेखाबाहेक । मलाई त लाग्थ्यो उनको देवता उनलाई जिस्क्याइरहेछ । अटहास हाँसो हाँसिरहेछ । भन्दैछ -"तिमी मेरो पूजामा नअल्मलिएर आफ्नो मुक्तिको बाटो खोज । स्वतन्त्र भएर बाँच ।

के भगवान् एकछाक भोको रहदैमा खुसी हुन्छन् । के ढुङ्गोमा जल, फूल, चन्दन चढाएर त्यस ढुङ्गोलाई रङ्गाएर खुसी हुन्छन् । कहाँ छन् ती भगवान् ? खोई त तिनले समानता ल्याउन सकेको ! आफ्नो शक्ति प्रदर्शन गर्न सकेको खोई ?

आमा र ममा सधैं कुरै कुरामा टक्कर मात्रै हुने । जसरी म अलौकिक कुरालाई झुटा भन्थैं त्यसरी आमा विज्ञानलाई सराप्ने र झुटा गफ मान्ने ।

आमा भन्नुहुन्थ्यो ? पृथ्वी घुम्छ रे ! के पृथ्वी घुमेमा घरहरू उल्टिने थिएनन् ? समुद्र फर्केर सबै घरहरू बगाउने थिएन । यहाँ न मानिस हुन्थे न कुनै अरू प्राणी ! सबै जमीन पानीले ओगट्थ्यो होला । पृथ्वी सूर्यको वरिपरि घुम्दा पृथ्वीमा भएका प्राणीलाई सूर्यका किरणले पोल्थ्यो होला ।

आमा अझै जोसिएर भन्नुहुन्थ्यो - 'वकिलले दोषीलाई निर्दोषी र निर्दोषीलाई दोषी साबित गरेझैँ छ विज्ञान पनि । यसले जिउँदो मानिसको बारेमा नभएर मरेको मानिसका बारेमा अनुसन्धान गर्छ । विज्ञानले विकास त गऱ्यो तर त्यसको साथै विनासलाई पनि त जन्म दियो । बम, बारुद, गोला सब विज्ञानकै सन्तान हुन् ।

म आफ्नो जीउने आशालाई मार्न नसकेर सहरको मालिककहाँ काम गर्न गएँ । घर एकदमै ठूलो, वरिपरि बारीले झकिझकाउ पारिएको । कम्पाउण्डभित्रै पोखरीभित्र माछा पौडिरहेको दृष्यले मनलाई छुन्छ । पोखरीमाथि बडो आकर्षण रूपमा मन्दिर बनाइएको छ । मन्दिरमा जान काठको पुल प्रयोग गर्नुपर्छ । काठको पुलमा पनि गमलाहरू आकर्षकपूर्वक सजाइएका छन् । घरको बाहिरी गेटदेखि गमलाहरू लाममा सजिएर घरको भित्तासम्म घरको शोभा बढाइरहेछन् । घरको कोठाभित्र पनि ठूला-ठूला गमलाहरू आकर्षकपूर्वक सजिएका छन् । मैले यति राम्रो र यति ठूलो घर कहिल्यै देखेकी थिइन । म घरका प्रत्येक दृश्यहरू नियालेर हेर्छु । प्रत्येक दृश्यले मलाई आकर्षित गरिरहन्छन् । भित्र कोठाहरू त्यत्तिकै सजिएका छन् । घरको मनोहर दृश्यले आफ्ना सबै दुःखहरू बिर्सेर सुन्दर भविष्यको कल्पना मेरो मनको अन्तर कुन्तरमा उब्जे । यस्तै घर, यस्तै बगैंचा .............. ।

मालिक्नीले मलाई बोलाइन् र लुगा र भाँडाको थुप्रो देखाएर भनिन् यी सबै छिटो धोई सक । माथि अझै धेरै काम बाँकी छ । म हठात् सपनाबाट ब्यूझेझैँ भएँ । म घरमा काम गर्ने नोकर भएर आएकी तर भर्खरै मैले देखेको सपना ।

घरमा कुकुर र बिराले पनि पालिएका छन् कुकुर शोफामा सुत्छ । म भुइँमा सानो मान्द्रो लगाएर । कुकरलाई महङ्गो साबुनले नुहाइदिइन्छ । मलाई लुगा धुने साबुन दिइन्छ । कुकुरले मीठा-मीठा बिस्कुट खाएको देख्दा मेरो मुखमा र्‍याल चुहिन्छ । कुकुर दिनहुँ मासुखान पाउँछ तर म चाख्न पनि पाउँदिन । मीठा-मीठा परिकार पकाउँछु तर खान पाउँदिन । सबैले खाइसकेर बचेको खाना मात्रै मेरो आहार हुन्छ । नबचे भोकै पनि बस्नुपर्छ ।

मलाई किनकिन मानवभन्दा मानवेतर प्राणी राम्रा लाग्छन् । जब म कुकुर बिरालोसँग खेलेर मन बहलाउन खोज्छु, मालिक्नीको होस हराउँछ । उनी कराउन थाल्छिन् । तँलाई यहाँ खेल्न होइन, काम गर्न ल्याएको बुझिस् । कुकुरले पाएको सुविधा र माया देख्दा मेरो मन लोभिन्छ । सोंच्छु म मानिस भएर किन जन्मेँ । यो घरमा कुकुर भएर जन्मेको भए कति माया पाउँथेँ, कति मीठो खान पाउथेँ ।

एक दिन कुकुर अलिकति बिमारी हुन्छ । उसलाई मोटरमा राखेर ठूलो डाक्टरकहाँ लगिन्छ । मेरो एकवर्ष बराबरको तलब कुकुरको लागि एक घण्टामै खर्च गरियो । मलाई ४/५ दिनदेखि जरो आइरहेको थियो तर कसैले मतलब गरेका थिएनन् । सधै मोटर पुछेर पनि त्यसमा बस्नुको अनुभव गर्न पाएकी छैन । तर एउटा पशु ............. । सोच्दा सोच्दै जिन्दगीदेखि दिक्क लाग्न थाल्छ । काम गर्दा हातखुट्टा पाकिसकेका छन् । कसैले केही मतलव गर्दैनन् । म मानव भएर पनि पशुभन्दा कति तल रहेछु केही कल्पना नै गर्न सक्दिन । सानो मालिक कुकुरलाई मोटरमा राखेर घुमाउन लैजान्छन् । कुकुर पनि मजाले मोटरमा बस्छ र झ्यालबाट प्रत्येक दृष्यहरू हेर्न थाल्छ । कहिलेकाहीँ मालिक साँझपख मोटरसाइकिलमा कुकुरलाई राखेर घुमाउन लैजान्छन् । ऊ पनि बडो मजा र साबधानीपूर्वक पछाडि बस्छ ।

घरमा एउटा बिरालो पनि पालिएको छ । त्यो सफासुग्घर पनि छ । मुख पूरै सेतो शरीरमा एक ठाँउनिर मात्रै कालो रेखा । त्यो घरमा यति स्वतन्त्र छ, जसको विस्तरामा पनि सुत्न पाउँछ । मालिकले घर फर्किदा जहिले नि दुई पोका मासु र दुईंटा बिस्कुट बोकेर ल्याउँछन् । एउटा पोको मासु र केही टुक्रा बिस्कुट बिरालोले पाउँछ बाँकी कुकुरले । कुकुर र बिरालोलाई सबैजनाले काखमा समातेर म्वाइ खान्छन् । खुव माया गर्छन् । म नजिक जाँदा सबैले नाक खुम्च्याउँछन् र केही न केही काम गर्न लगाउँछन् ।

मालिक्नी बाहिर निस्किँदा बिरालो देखियो भने पनि भित्र पठाउँथिन्, तर आज बिरालोलाई काँखमा च्यापेर गाडीमा किन बसिन् ।

पछि थाहा पाएँ बिरालालाई डिपो सुइ लगाउन लगिएको रहेछ । धेरैचोटि बच्चा पाउँदा बिरालोको शरीर बिग्रिन्छ भनेर अस्थाइ साधनको प्रयोग गरियो । दुईटी नर्सले एउटीले अगाडिका खुट्टा र अर्कीले पछाडिको खुट्टा समातेपछि डाक्टरले सुई लगाइ दिएका रे । गाउँका आइमाईले अस्थाई साधनका नाम सुनेका हुँदैनन् । एउटैले १०/१२ वटा बच्चा सजिलै जन्माएका हुन्छन् तर सहरमा बिरालोलाई डिपो ............ ।

घरमा पाहुना आए । कुकुरले आफ्नो कर्तव्य भुकेर पूरा गऱ्यो । पाहुनालाई स्वागत गरेर राखियो । कुकुर सबैसँग लडीबुडी गर्न थाल्यो । मालिक दूध खाँदै

हुनुहुन्थ्यो । एक घुट्को खाएर तल के राखेका थिए कुकुरले दूध खान थाल्यो । गिलास समात्न खोज्दा कुकुरले खाइरहेको देख्छन् । मालिक रिसाउनुको सट्टा हाँसिरहे । ए तँले पो खाइस् मेरो दूध ! हा-हा .......... !

कोट पाइन्छ लगाएको मानिस कुकुरलाई खेलाउँदै थियो । केही छिनमा कुकुरले त्यसको कोटमा पिसाब गरिदियो । सबैजना हाँसे । मालिकले स्वर मसिनो गरेर भने - यसको बानी नै यस्तै हो, माया गऱ्यो कि जिस्कन्छ । पाहुनाले भने - केही फरक पर्दैन ।

मैले चिया ल्याएर सबैलाई दिएँ । फर्किदा त्यो मान्छेको कोटमा मेरो हात के लागेको थियो । नाक खुम्चाएर टट्कयाउन थाल्यो । मतिर रिसका ठूल-ठूला नजर फर्काएर हेऱ्यो । यो घरमा मलाई यस घरका मान्छले मात्र होइन् यस घरमा आउने पाहुनाले समेत हेप्छन् । डरले मेरो हातबाट गिलास खस्यो । मालिक्नीले कपाल भुत्ल्याइन् । कुकुरले दूध खाँदा सबै हाँसेका थिए तर मबाट सानो गल्ति हुँदा ममाथि सबै खनिए ।

बिरालो आएर मालिक्नीको काखैमा बस्यो । मालिक्नीले म्वाई खाइन् र बिस्कुट खान दिइन् । मलाई यी पशुहरूले पाएको माया देखेर डाहा हुन्थ्यो । मैले मालिक्नीको त्यो मुखबाट एक शब्द राम्रो सुन्न पाएकी थिइन तर त्यही मुखबाट यी पशुहरू म्वाई पाउँछन् ।

× × ×

## ३

आमालाई भेट्न भनेर घर जाँदा घर निकै फरकजस्तो । त्यहाँको वातावरण नै फरक । वरिपरिको सबैथोक फरक लाग्ने । बाले मलाई आमा सिकिस्त बिमारी हुनुहुन्छ भनेर बोलाउनु भएको थियो । आमाको कोठामा जाँदा आमा हुनुहुन्थेन । म हतारिदै आमा छेउँ गएँ । उहाँ अरू काममा नै व्यस्त हुनुहुँदोरहेछ ।

आमा यो सब के भइरहेछ । तपाईं त बिमारी भनेको यसरी काममा लाग्दा झन् बढी हुँदैन र ! आमा शारीरिक होइन मानसिक बिमारीझैं लाग्नुहुन्थ्यो । उहाँ प्रतिक्रियाहीन आफ्नो काममा लागिरहनुभयो । म रिसाएर भित्र गएर बसेँ ।

आमा मेरो कपाल सुम्सुम्याउदै किन रिसाएकी छोरी ? यस्तो शुभकार्यमा भन्दै मेरो छेउमा बस्नुभयो ।

शुभकार्य ? यो के भन्नुभएको आमा कस्तो शुभकार्य ? के हुँदैछ आज घरमा ? मैले आचर्श्यचकित भएर भनेँ ।

तेरो बिहे । आमाले छोटो उत्तर दिइन् ।

आमा तपाईं यो के भन्दै हुनुहुन्छ ? मेरो बिहे ? मलाई एक शब्द सोध्न पनि सोधिएन, न कुनै जानकारी गराइयो । मैले आफ्नो जीवनको निर्णय पनि स्वतन्त्र भएर गर्न नपाउने भएँ । जुन कुराबाट सदा-सदाका लागि टाढा हुन चाहन्थेँ त्यही कुरालाई अँगालेर सधैंभरि बस्नुपर्ने ? तर यो सब कसले गऱ्यो ? आखिर किन ? म गर्दिन बिहे सिहे । म कराएँ ।

तिम्रा बाले खोजेको केटा । नराम्रो हुने त कुरै भएन आफूभन्दा ठूलाले गरेको निर्णय कहिल्यै अस्वीकार गर्नु हुँदैन । छोरी भएर जन्मेपछि एकदिन अर्काको घरमा जानै त पर्छ । अब उमेर पनि त भइसक्यो । आमाले नम्र भएर भनिन् ।

जीवनको सबैभन्दा ठूलो निर्णयमा बाले मनपरी गरे । मलाई सोध्नु त परै जाओस् ढाँटेर घरमा बिहेको लागि बोलाउनु, कतिसम्मको अपराध हो । आमाले भनेको त म सबै कुरा मान्छु तर बाको एकाधिकार कसरी सहनु । कुन प्रतिक्रिया देखाउने जब घरमा जन्ती पनि आइसके । घरको इज्जत, आमाको बचन राख्नको लागि पनि छिटो र आवेशमा निर्णय लिँदा त्यसले कस्तो रूप लिने हो ? यही डरले मन किचिदिँदा बाको निर्णय जसले कहिल्यै पनि छोरीको रूपमा देख्न सकेनन् छोरीलाई माया गर्न सकेनन् । बिहेको दिनमा मात्रै बा बनी कन्यादान गर्ने रहर, स्वीकार गर्नुपर्ने बाध्यात्मक परिस्थितिमा फस्नुपऱ्यो ।

बिहानैदेखि सबैजना काममा व्यस्त थिए । कसैले घरमा पताका टाँसे त कसैले गमलाहरू मिलाए । कोही खानपानमा व्यस्त थिए । सबैका अनुहार खुसी देखिन्थे । आइमाईहरूले लिपिष्टिक, पाउडरदेखि लिएर आफूसँग भएभरका गहना लगाएर आफ्नो आकर्षणलाई बढाएका थिए । बालबच्चादेखि वृद्धासम्म घरमा खचाखच भरिएको दृश्यले मन पोलिरहेको थियो ।

रङ्गिन पताकाहरूले घर झिलिमिलि भैसकेको थियो । मानिसहरू प्रशस्त जम्मा भैसकेका थिए । बाजा बज्न थाले । ४/५ जना केटीहरूको हुल मतिर आयो ।

एउटा गुडियालाई सिंगारेझैँ सिंगारे दुलहीलाई पनि । कसैले कपाल मिलाई दिएर, कसैले लुगा मिलाई दिएर त कसैले लिपिष्टिक पाउडर लगाएर ।

दुलहीलाई मण्डपमा लगेर वैवाहिक कार्यक्रमलाई निरन्तरता दिइन्छ । आफ्नो इच्छा विरुद्ध भइरहेको बिहेमा दुलहीको मनमा विद्रोहका भावनाहरू उत्पन्न भए पनि निकास नपाएर त्यसै दमित भएर जान्थे । आक्रोशका ज्वालाहरू मनभित्रै सीमित रहेकाले अरूलाई त्यसले केही असर पारेन । पीडा, जलन र छटपटाहट केवल दुलहीलाई मात्र भयो । त्यहाँ त्यस्तो कुनै व्यवस्था पनि त थिएन जसले दुलहीको मनको ज्वाला निभाउन सकोस् ।

बुवाको इच्छाअनुसार मण्डपमा कठपुतलीझैँ घुम्दा अनुहारले प्रसन्नता होइन निराशा झल्काइरहन्थ्यो । सोह्र श्रृङ्गारले दुलहीलाई दिनुपर्ने शोभा त्यहाँ थिएन ।

मानसिक रोगले ग्रसितझैँ । मन अन्तै भए पनि शरीरलाई यही थाम्न विवशझैँ । अग्निलाई साक्षी राखी अग्निको वरिपरि घुम्दा मुटु पनि अग्निझैँ जलिरहेको कसैले देखेनन् ।

आमा र अफूलाई सधैँभरि दुःख दिने बा आज यसरी बा बनेर आफ्नो सम्पूर्ण अधिकार जमाएको देख्दा लगनगाँठो नै फुकालेर जाऊँ जस्तो लाग्ने तर सकिएन । त्यत्रो साहस त्यो सामाजिक परिवेशले दिएन ।

वरले सिउँदोमा सिन्दूर लगाउँदा त शरीर जिरिङ्ग, जिरिङ्ग भएर काँपिरह्यो, हातबाट पसिना निस्किरह्यो । उफ् ! जुन कुरालाई मानिस तिरस्कार गर्छ त्यसैलाई आत्मसात पनि गर्दोरहेछ । जीवन सोचेजस्तो नहुँदो रहेछ अनि भएजस्तो नसोँचिदो रहेछ ।

मानिस परिस्थितिको दास हुँदो रहेछ । नचाहेरै भए पनि अरूका लागि पनि बाँच्नै पर्ने रहेछ । आफ्ना इच्छा, आकाङ्क्षालाई दबाएर बन्धनयुक्त जीवन बाँच्नु पर्ने नारीको कस्तो विवशता ।

किन किन छेउतिर बसिरहेकी आमाको अनुहारमा मेरा नजर अडिन पुग्थे । जुन अनुहार बादलले छोपेको, निराश र रुग्ण थियो । लाग्थ्यो शरीर मात्रै यहाँ छ मन यहाँ छैन ।

बुबा कन्यादानमा व्यस्त थिए । त्यो अनुहारमा खुसी थियो, विषमता, बाध्यता वा दुःख के थियो मैले केही थाहा पाइन किनकि मैले त्यो अनुहारलाई हेर्दै हेरिन । त्यो अनुहारप्रति मलाई वितृष्णा छ, घृणा छ । जसबाट मैले कहिल्यै माया पाइन । त्यसले गर्दा नै म अरूको घरमा काम गर्ने नोकर्नी बनेँ । तर उसको एकाधिकारलाई आज किन स्वीकार गरेँ । मेरो बदलाको भावना कहाँ विलीन भयो । बुबाले आफूप्रति गरेका एक-एक व्यावहारहरू मनभित्र तरङ्गित भएर आइरहे । लाग्थ्यो बुबाको घाँटी निमोठेर यहीँ मारी दिऊँ तर म केही गर्न सकिरहेकी थिइन । मानौँ मेरा हात खुट्टा लाटा छन् । मानौँ म अन्धी छु । मानौँ म नै अपराधी हुँ त्यसैले डरले काँपिरहेछु । आज ममा कहाँबाट यति धेरै सहनशीलता आयो ? मभित्रको क्रान्ति किन विस्फोटन भइरहेको छैन । म

किन यति उदार भएँ । के को बदलामा मैले यत्रो त्याग गर्दैछु । बुबाको कुन गुणलाई सम्झेर आज म आफ्नो जीवनको निर्णय उहाँलाई गर्न दिँदैछु ।

मेरो यही उदारता, सहनशीलता नै मेरो जीवनको अभिशाप बन्ने छ । यति थाहा पाएर पनि म किन मुक छु । मालिक मालिक्नीका व्यवहार सहँदा सहँदा म अचानो बनी सकेछु । अचानोमाथि आज दाउरा मात्रै काटिदै छैनन् अचानोलाई नै काटिँदैछ । उसको अस्मितालाई जलाएर खरानी बनाइँदैछ । अहो कति स्वार्थी मानिस । यस्तो दुनियाँमा सबैलाई बाँच्न मुस्किल भैरहेछ ।

म अरूको खुसीको लागि सस्तो मोलमा बेचिएँ । मेरो सम्पूर्ण जीवन अरूमा समर्पित भयो । नयाँ आँगनमा मेरा पैताला टेकिए । नयाँ मानिसहरूसँग भेटघाट भयो । मानिसहरूको आउने जाने क्रम जारी थियो । सुखद दाम्पत्य जीवनको शुभकामना दिइरहेका थिए मलाई । एउटा बूढा आएर टीका लगाइदिँदै भने बत्तीस गुणले युक्त लक्ष्मी रैछे बुहारी त । मेरो मन झस्कियो । बूढालाई सोध्न मन थियो बुहारी त बत्तीस गुणले युक्त छे, छोरा कति गुणले युक्त छ भनेर । तर सोधिन । मलाई कसैसँग केही सोध्ने, बोल्ने साहसै थिएन ।

घरमा सासू, आमाजू, जेठानी, नन्द सबै रहेछन् । यो त अरूको घरमा काम गरेर आएकी त हो । आफ्नो घरको काम गर्न के गाह्रो । सबै यसैले गर्छे भनेर सबै काम मेरै अगाडि थुपारी दिन्थे मेरा आफन्तहरूले । विहान उठेदेखि साँझसम्म एकचोटि पनि फुर्सद नपाइने ।

शारीरिक कामले त मलाई केही असर पारेका थिएनन् तर जब सासू, जेठानी, आमाजू, नन्द सबै एकसाथ खनिन्थे र नाना प्रकारका वचन लगाउँथे त्यसले गर्दा मेरो मन प्रताडित हुन थाल्यो । मसँग एक शब्द मीठो बोली दिने त्यो घरमा कोही थिएन । सोचेँ श्रीमान्लाई नै आफ्नो बनाउनु पर्छ । उसले त अवश्य पनि माया गर्छ होला । यी सबै कुरा बताउनुपर्छ । उसप्रतिका मेरा बदलाका भावनाहरू एकाएक विलीन भएर गए । मैले उसमा अपनत्व देखेँ ।

बिहे भएको धेरै दिनपछि आज म उसको कोठामा गएँ । अनि म मन्दमन्द मुस्कुराएँ । ममा सबै किसिमका बदलाका भावनाहरू विलीन भैसकेका थिए । न बुबासँग नै एक्लै लड्ने क्षमता रह्यो ममा । सोचेँ सबैको घृणा र तिरस्कार पाएर जीउनुभन्दा कसैबाट त माया पाऊँ । मानिस सबैको मुटु एउटै त होला । रिस-राग पनि त मानिसमा हुने गुण नै हुन् । मानिसमा रिस नहुदो हो त बुद्धले झैँ एक गालामा हिर्काउँदा अर्को गाला थाप्थे होलान् तर बुद्ध बन्ने क्षमता सायदै मानिसले देखाउन सक्दैनन् । यसमा रिस र अहमताले नै त भूमिमा खेलेको हुन्छ ।

सबैबाट एक्लो महसुस भएर नै मलाई श्रीमान्को माया पाउने इच्छा जागेर आयो । उसको अगाडि उभिदा शरीर डरले काँप्थ्यो । मेरो होस उडिसकेको हुन्थ्यो तर पनि म ओंठमा मुस्कान छर्ने प्रयास गर्थें । म आफ्ना सम्पूर्ण विगतहरू उसको अगाडि खोतल्न थालेँ । मैले सोचेकी थिएँ यसबाट ऊ प्रभावित हुनेछ । मेरो सङ्घर्ष र साहसको कदर गर्नेछ । अरूबाट नभए पनि उसबाट त माया पाउने छु ।

म नारीको सुन्दरताको वर्णन गर्दिन किनकि यौवन र सुन्दरता दुवै नारीका शत्रु समान हुन्छन् । यौवनावस्थाको सुन्दर केटीलाई पाउन पुरुषहरूमा होडबाजी नै चल्छ । त्यो सुन्दरता र यौवन बचाउन कति सङ्घर्ष गर्नुपर्छ स्वयम् त्यही व्यक्तिलाई थाहा हुन्छ । सुन्दरताको किनबेच हुँदा कैयौ नारीले नारकीय जीवन जिउनु परेको छ ।

जग्गा, जमीन, घर, व्यापार सबै थोक थियो मेरो श्रीमान्को । गहनागुरिया, लुगाकपडा मलाई प्रशस्त दिइएको थियो । मलाई यी सबै कुराले आकर्षित गर्न सकेनन् । मैले पाउनुपर्ने कुरा पाएकी थिइन । माया मैले त्यो घरमा कसैबाट पनि पाइन । म एउटा उकुसमुकुस वातावरणभित्र बाँचिरहेकी थिएँ ।

सासूले आफ्नो छोराबाट आफ्नो माया खोसुवा भनेर सधै गाली गरिरहनुहुन्थ्यो । आफ्नो छोरासँग बसेको, बोलेको, डुलेको मन पराउनु हुँदैनथ्यो । त्यति ठूलो छोरालाई पनि काखमा राखेर घण्टौ कुरा गर्नुहुन्थ्यो, राम्रा-नराम्रा कुराबारे सतर्क गराउनुहुन्थ्यो । म त उहाँका आँखाको कसिङ्गरजस्तै थिएँ । जो सधै बिझाइरहन्थें । यस्तो बिझाउने काँडालाई उहाँ सधै-सधैका लागि निकालेर फ्याँकीदिन चाहनुहुन्थ्यो ।

म श्रीमान्को सामीप्य सधैं पाउदिनथेँ । आमाको डरले हो वा किन हो उहाँ मबाट टाढै बस्न चाहनुहुन्थ्यो । मैले के बिगार गरेकी थिएँ त्यो घरमा । किन मलाई कोही मन पराउँदैनन् यस्तो कुरा मलाई केही थाहा हुन्थेन । उहाँहरूले त मलाई हेरेर, मागेर, मनपराएर बिहे गर्नु भएको फेरि किन अहिले नानाथरि कुरा सुनाउँछन् । किन मानवीय व्यवहार गरिँदैन ममाथि । निराशता र रुग्णताबाहेक मेरो जीवनमा कहिल्यै केही हात लागेन ।

त्यो जो मेरो आफ्नो घर हो त्यहाँ पनि म काम गर्ने कै श्रेणीमा रहेँ । मानवताका आँखाले हेरिदिने मानिससम्म थिएनन् त्यहाँ । दानवी अनुहारले सधैं मलाई लखेटीरहन्थे । हिर्काइरन्थे, चिमोठीरहन्थे, लत्याइरहन्थे, घिच्याइरहन्थे । मानौं म कुनै साधन मात्र हुँ । उपभोग सिद्धिएपछि मेरो कुनै काम छैन ।

नियतिले दिएका सबै कुरा सहेर म बाँचिरहेकी थिएँ । समयक्रमले मलाई गर्भवती बनायो । विहानै उठेर घरको चुलो चौकाको कामदेखि लिएर अन्य कामहरू सबै म नै सिध्याउँथे तर जीउ भारी हुँदै जान थाल्यो । काम गर्नमा अप्ठ्यारो महसुस हुन थाल्यो । एकदिन काम गर्दा गर्दै लडेछु । होसमा आउँदा सासू आमा काम गर्नाको दुःखले बहाना उनाउछेस् भनेर मलाई डाट्दै रहिछिन् । श्रीमान् प्रतिक्रियाविहीन उभिइनै रहेको । नन्द, जेठानीहरू सासूकै कुरामा साथ दिँदै थिए । सासूले मेरो अगाडि लुगाको रास थुपार्दै भनिन् छिटो धोइसिध्याऊ बारीमा गोडमेल गर्नुछ ।

सासूले पनि यो अवस्थालाई त पार गरिसकेकी थिइन् । उनलाई पनि यस्तो अवस्थामा सहानुभूति र आरामको जरुरत परेथ्यो होला । तर सासूले ती सब कुरा विर्सिसकिछन् नभए मलाई किन यस्तो व्यवहार गर्थिन् । काममाथि काम थुपारेर दिनसम्मको दुःख दिन्थिन् सासूले ।

अस्पताल जँचाउन जान कहिल्यै दिइनन् सासूले । हामीले कहिल्यै पनि अस्पतालका नामै नसुनी यतिका बच्चा जन्मायौं तँलाई किन चाहियो अस्पताल भनेर रिसाउँथिन् । अरू बेलाको भन्दा झन् जटिल काम गर्न दिइन्थ्यो । भारीभारी सामान बोक्नुदेखि लिएर साना-ठूला कामले हात खाली हुनै दिँदिनथिन् ।

जब म नयाँ सिर्जनालाई यो संसारमा ल्याउन छट्पटिरहेकी थिएँ त्यतिबेला सासू एकदमै खुशी देखिइन् । हँसिलो अनुहारमा उनी भित्रबाहिर गर्न थालिन् । म भएको कोठामा धूपवत्ती बालिन् । मलाई एक गिलास दूध ल्याएर खान दिइन् । मलाई देख्ने वित्तिकै रिसल जल्ने सासू किन आज यति खुसी छिन् । किन आज यो हातबाट मैले दूध पाएँ ? मलाई यो सब देख्दा अचम्म लागिरहेको थियो । घरका सबै परिवारमा एक किसिमको उत्सुकता थियो । सबैका नजर मतिर थिए ? सधैंझैं रिसले ती नजरहरू आज जलेका थिएनन् । आइमाईहरू एकपछि अर्को गर्दै कोठामा भरिए ।

लामो समयसम्म कोठामा वेदनाका स्वरहरू गुन्जिरहे । आशाका धमिला रेखाहरू अनुहार-अनुहारमा व्याप्त थिए । बालक रोएको आवाजले कोठालाई स्तम्भित पाऱ्यो । सबैका अनुहार नीला-काला भए । यो राक्षस्नीले के छोरा जन्माउँथी, यस्ती अलच्छिनीले भाग्यमा छोरा कहाँ हुनु ? सासूका कठोर शब्द मेरा कानमा बज्रित भए । कोठाबाट सबै एक-एक गरेर उठ्दै गए । कोठा खाली भयो । किन सबै यसरी एकाएक निराश भए ? आखिर त्यो मुक बच्चीले कसको के बिगार गरेकी थिई र ! सासूले अघि बालेको धूप, वत्ती निभाइन् । घैटामा राखेको पानी ढालिन् ।

नाती पाउँछुकि भनेर खुशी भएकी थिएँ । यसले मलाई कहिले खुशी राखेकी थिई र अबराख्थी । सासू कराउँदै थिइन् । उनलाई मेरो छोराप्रति किन त्यत्रो मोह बढेको होला । किन ममाथि यति वितृष्णा व्यक्त गरिंदै छ ? के म अर्को बच्चा पाउन सक्दिन थिएँ र ! अरूको लागि यो छोरी तर मेरो त पहिलो सन्तान मुटुको टुक्राझैं प्यारो । किन अरूले हेपी दिनु उसलाई, सासू आफू छोरी हुँ भन्ने कुरा बिर्सेकी थिएन् त्यसैले नै उनी मेरी छोरीलाई नानाथरि गाली गरेर सराप्दै थिइन् । विचरा नाबालकले उनको के बिगार गरेकी थिइन र ।

छोराको स्वागतको लागि बालिएका धूप, बत्ती निभाइए । स्वागतकै लागि राखिएको पानीको घैंटा फुटालियो । छोरा र छोरीमा जन्मेदेखि नै किन यति फरक व्यवहार गरिन्छ । नारीले नै किन नारीलाई घृणा गर्छन् । किन आफ्नै हजुरआमाबाट सरापिदै छे मेरी छोरी ? त्यही पनि धरतीमा आएकै पहिलो दिन ? मानिस गल्तीको भण्डार हो । गल्ती गर्छ उसले, ठूलो भइसकेपछि तर जन्मेकै दिन के बिगारी उसले ।

किन उसलाई हेर्ने दृष्टिकोण फेरिएको छ समाजको ? आजैदेखि यस्ता व्यवहारले किचिएकी छोरीले जीवनमा के प्रगति गर्न सक्ली र ?

छोराछोरी हुनुमा मेरो कत्तिको हात थियो त्यो त मलाई थाहा भएन तर घरका सबैले मलाई कर्के नजरले हेर्ने गर्थे । उनीहरूको नजरले बताइरहेको हुन्थ्यो म ठूलो अपराधी हुँ । दिउँसोको एक बजेपछि सुख्खा एक रोटी खानाको रूपमा मेरो अगाडि देखिन्थ्यो । कसैको पेट दुख्यो, खुट्टा मर्क्यो भने पनि त्यो दोष छोरी र ममाथि आउँथ्यो । यो अलच्छिनीले गर्दा नै यस्तो भएको हो । यो घरमा आएदेखि केही राम्रो काम भएको छैन ।

अरूले दिएको घृणा र तिरस्कारलाई त मैले सामान्य मानेकी थिएँ तर किन श्रीमान्‌ले आफ्नै छोरीलाई समेत माया गर्दैनन् ? किन उनी घरका अरू सदस्यको लहैलहैमा लागेर आफ्नो घर बर्बाद गर्दैछन् ? यस कुराले सधैं मन पिरोलिरहन्थ्यो । माया, सद्भाव र सहिष्णुता नभएर  रिसका राता-राता आँखा मात्रै उनले मतिर फ्याँकेका हुन्थे ।

छोरी बिमारी थिई । म काखमा लिएर बसेँ । अनेक प्रकारले फकाउँदा पनि उसले मानिन् । ऊ रोइरही । छोरी समात्यो बस्यो । भित्र कति काम छ यसलाई यही सुताएर गइहाल् काम गर्न । सासू कराइन् । भन्ने बित्तिकै नउठेको देख्दा अझै टेर्दैनस् भनेर कपाल नै भुत्ल्याइन् । श्रीमान्‌बाट सहयोग पाउने आशा त ममा थिएन् तर पनि सहयोगको एक आँखाले आफ्नी आमाको पछाडि उभिरहेका उनीप्रति हेरिदिएँ । आमाले भनेको काम खुरुक्क गर्न छोडेर के हेर्दैछस् ? त्यसलाई त्यही सुताएर काम गर्न जा हैन भने ..... भन्दै श्रीमान्‌ले लातले नै हिर्काए । म पछारिएर लडेछु र बेहोस् भएछु ।

होसमा आउँदा छोरी जोडसँग रोइरहेकी थिई । जेठानी भन्दै थिइन् - काम गर्नुपर्छ भनेर नखरा पारेकी हो यसले । यसलाई केही भएको छैन । किन म फलामको मान्छे हुँ र ! केही नहुनलाई ? मेरो मुखबाट अनायासै शब्द फुत्किए ।

आफ्नो मुखबाट निस्केको शब्दले एकछिन त आफैलाई स्तम्भित बनायो । आमाले बुबाका र कान्छी आमाका व्यावहार सहेको देख्दा मेरो मनमा क्रान्तिको ज्वाला

दन्केर आउँथ्यो । अन्यायलाई सहनु दासतालाई स्वीकार्नु ठान्थें । आमालाई मैले कतिचोटि अनुरोध गरेकी थिएँ । अन्यायको विरुद्धमा उभिनुहोस् भनेर । आमाले सिकाएको सहनशीलताको पाठ अहिले मैले खुब जपेकी छु । म धेरै सहनशील भएकी छु । आफूमाथि भएका सबै व्यावहारलाई सहन सक्ने क्षमताको विकास भएको छ ।

मुखबाट निस्केको एक शब्दको आउने परिमाणबाट म डराइरहेकी थिएँ । परिवारका सबै सदस्य वरिपरि झुम्मिसकेका थिए । यसको यत्रो साहस ! यसलाई घरबाट निकालीदिनुपर्छ । यस्तै अरू अरू ध्वनिहरू मेरो कानमा बज्र समान गुन्जिरहे ।

शिरसँग जोडिएको नाता श्रीमान् जसको अगाडि श्रद्धाले शिर झुक्छ, मायाले मुटु रमाउँछ, उमङ्गले शरीर उन्मुक्त हुन्छ, जीवनका नयाँ-नयाँ सपनाहरू सजिन थाल्छन्, खुसीले सीमा नाघेको हुन्छ, जहाँ डरको लेस पनि रहदैन, सुरक्षित र आनन्ददायक महसुस हुन्छ जीवन । मान र सम्मानले अनि श्रद्धा र मायाले भरिपूर्ण छ श्रीमान् शब्द । अपसोच मेरो जीवन ठीक विपरीत मार्गमा चलिरह्यो । ठीक विपरीत । यस्तो होला भनेर जीवनमा कहिल्यै परिकल्पनासमेत गरेकी थिइन तर यथार्थ भोगाइ यस्तै भइदियो । मानिसले नै मलाई मानिसभन्दा फरक ठानिदिए ।

मेरो हातमा छोरी थमाएर बाहिरतिर धकेल्दै श्रीमान्ले भने यसलाई लिएर यहाँबाट जति सक्छेस् छिटो गइहाल् । तँलाई अब यहाँ बस्ने कुनै अधिकार छैन । कुनै दिन तँ पश्चातापमा हुनेछेस् र मलाई सम्झनेछस् तर मेरो घरमा बिर्सेर पनि नआउनु किनकि मैले तँलाई आत्मादेखि नै हटाइसकेँ । कहींकतै जीवनको दौडानमा तेरो मुखसम्म पनि हेर्नु नपरोस् भन्ने चाहन्छु । मैले तिमीलाई यहाँ माया गरेर मालिक्नी बनाउन ल्याएको होइन काम गर्ने नोर्कनी बनाउन ल्याएको बुझिस् । तेरो बुवासँग बदला लिन मैले तँसित बिहे गरेको हुँ ।

म काखमा छोरी च्यापी बाहिर निस्किएँ । ऊ भित्र पस्यो । साउनको महिना पानी जोडजोडले परिरहेको, शरीरमा लगाएको पात्लो धोतीबाहेक अन्य कुनै कपडा पनि थिएन । न थियो कुनै पानी छेक्ने साधन नै । सहारा थिई काँखकी सानी बालिका । पानीले निथ्रुक्कै भिजिसके । छोरी जाडोले थरथर काँप्न थाली । आफ्नो टाउकोले उसको टाउको बचाउने निरर्थक प्रयास गरेँ । वर्षे भेलले खुट्टामुनिको माटो बगाएर लागिरहेको

हुन्छ, आकाशलाई हेरी म हिँडिरहन्छु । कहिँकतै ओत बस्ने ठाउँ पनि नभेटिने । डाँडा काँडाहरूले अँध्यारो बोकेर ल्याए । पानी रोकिएन । अध्यारोलाई कुल्चदै गन्तव्यहीन मेरा पाइला गुडिरहे ।

घना जङ्गललाई छिचोल्दै जाँदा बस्ती कही देखिएन । अब जाने कहाँ ? जङ्गलमै बसूँ जङ्गली जनावरको डर । पेटले खान खोजिरहेको, आङ्ले न्यानो लुगा अनि छोरीलाई आमाको न्यानो काख । उफ ! निस्सारलाग्दो एकदमै उराठ रहेछ जीवन । जहाँ सोचेको भन्दा नसोचेको बढी हुन्छ । जीवनको उरार्द्धसम्म आउँदा जीवन दर्शन बारे थाहै भएन । कष्टमय पीडा भोग्नमै सीमित रहे । यस महासङ्कटको अवस्थामा के सम्झुँ म मेरो जीवनलाई । छोरीलाई काखमा च्याँपेर, पुर्पुरोमा हात लगाई आँसु चुहाउनु सिवाय अरू के नै गर्न सकिन्थ्यो र !

गन्तव्यहीन यात्रामा पाइलाहरू भासिइरहे । आफूजस्तै एउटा नारीलाई काखमा च्याँपेर यात्रामा साथ दिइरहेँ । भोलिका दिनमा छोरीले भोग्नु पर्ने जीवनप्रति पनि डर लाग्यो मनमा । सुख समृद्धिले भरियोस् उसको जीवन भन्ने कामना पनि गरेँ मनमा । उसलाई जीवनभर कुनै पनि पुरुषको छत्रछाया नपरोस् । ऊ स्वतन्त्र भएर आफ्नो जीवन पथमा लम्किन सकोस् । उसको जीवन उराठ् लाग्दो होइन, रहर लाग्दो, उमङ्ग र खुसीले भरिएको होस् । ऊ नीरस नारी होइन, रसमय नारी बनोस्, उसले कहिल्यै पनि म जस्तै जीवन के हो भनेर सोच्नै नपरोस् । आफूले दुःख पाए नि आफ्नो सन्तानको जीवन सुख, समृद्धिले भरियोस् भन्ने चाहना हुँदोरहेछ ।

कुहिरोले चारैतिर छोप्यो । कहिँकतै केही देखिएन । पीरले मन पोलिरह्यो । आदिम ढुङ्गे युगतिर हुत्तिएँ । बाटो नजिकै भएको पीपलको रूखलाई मैले आफ्नो बासस्थान बनाएँ । पिपलका पातले अलिकति भए पनि पानी छेक्यो । छोरी जाडोले काँपीरही । आफ्नो छातीमा टाँसे पनि भिजेको छातीबाट उसले न्यायो पाइन । रोग र शोकले ऊ ग्रसित भई । उसको रुवाइँसँगै मेरो डर बढिरह्यो । बाघ, भालु आएर सिकार बनाउँछन् भन्ने डरले रातभरि निद्रा लागेन । जाडोले मुटु काँपिरह्यो ।

घाम लाग्लाझैँ विहानीले रमाइलो दिनको सङ्केत दियो । डर केही मत्थर भइसकेकोले छोरीलाई काखमा च्याँपी बाटो लागेँ । अलिक हिँडिसकेपछि जोगिनी (माता)

सँग भेट भयो । भिजेको लुगा, नीलो-कालो अनुहार, काखमा सानी छोरी, उसले सब नियालेर हेरी ।

यो सब के हो ? नानी । मेरो अगाडि प्रश्न पनि तेर्साई उसले । सबै यथार्थ ऐनाझैँ छर्लङ्ग उनको अगाडि राखिदिएँ । छोरीलाई बुबाको जिम्मा लगाएर जोगिनी हुने सल्लाह दिई । जोगिनी बनेर न मैले कुनै पाप पखाल्नु थियो, न कुनै धर्म कमाउनु त्यसैले त्यो प्रस्तावलाई स्वीकारिन । छोरीको लागि पनि म बाँच्न चाहन्थेँ अनि छोरीलाई असल काम गराएर नमूना प्रस्तुत गर्न चाहन्थेँ । उनको प्रस्ताव नस्वीकारे पनि एक दिनको बास दिन मैले उनलाई अनुरोध गरेँ ।

कुटीको वरिपरि आँप, केरा, उखुजस्ता विभिन्न फलफूल लगाइएका थिए । प्रवेशद्वारमै कुकुर बाँधिएको थियो । मलाई देखेर कुकुरले भुकेर आफ्नो कर्तव्य पूरा गऱ्यो । आँपको रूखमुनि गाईसँगै बाच्छी पनि बाँधिएको जसले बगैंचाको सुन्दरतालाई सुनमा सुगन्ध थपेझैँ मनमोहक बनाइरहेको थियो । गाईको गोबरले लिपपोत गरी चिटिक्क पारिएको, तीनकुने आकारको घर बडो आकर्षक देखिन्थ्यो । ढोका केही होचो भएकोले भित्र पस्दा शिर निहुऱ्याउनु पर्ने । भित्र पस्दा कुनै स्वर्गद्वारमा पुगिएजस्तो लाग्यो । ढोकाको दुवैपट्टि गमलामा फूलहरू फुलिरहेका । कोठा गोलाकारको, गोलाकारमै कोठा वरिपरि गमलाहरूलाई बडो आकर्षणपूर्वक सजाइएको थियो । कोठाको छेउपट्टि रहेको पलङ्ग पनि मेहनतसाथ सजाइएको थियो । मखमलको तन्ना, सुन्तला रङ्गको ऊनले बुनिएको सेतो कपडामा रातो रङ्गले आकर्षक बुट्टा भरेर पेन्टिङ गरिएको लेस लगाइएको, तकियाका खोल पनि पेन्टिङ गरेर सजाइएका । पलङ्गकै छेउनिर रहेको ऱ्याकमा अनेक किसिमका ठूला ठूला किताबहरू सजाइएका थिए । अर्कोपट्टि कुर्सी र टेबल रहेछ । कोठाको पूर्वपट्टि भगवान्का तस्वीरहरू टाँसिएका थिए । साथमा पूजा सामग्रीहरू पनि बडो आकर्षकपूर्वक मिलाएर राखिएका थिए । कोठाको पश्चिमपट्टि भूइँमा मान्द्रोमाथि एउटा डसना लगाइएको थियो । एउटा जोगिनीको कोठा यति धेरै आकर्षक र मनमोहक ? जहाँ पुग्दा संसारका सम्पूर्ण सुन्दरताहरू यही अटाएजस्तो लाग्छ ।

आफ्ना सम्पूर्ण दुःखलाई बिर्सेर कोठालाई चिहाइरहेँ । कोठाको अपार सौन्दर्यले मन तृप्त भयो । कोठाको उत्तरपट्टिको सानो कोठा भान्साको प्रयोजनको लागि बनाइएको रहेछ । भान्साबाट बाहिर निस्किने वित्तिकै व्यवस्थित रूपमा जडान गरिएको धारा देख्न पाइने । बगैंचा एकदमै झकिझकाउ थियो । त्यहाँ नभएका फलफूलहरू प्रायः कमै हुँदा हुन् । त्यहाँका सुगन्धित फूलहरूले मन लोभ्याइरह्यो । एकछिनमै यस घरप्रति किन किन मलाई धेरै मोह लाग्यो ।

धेरैपछि पेटभरि भात खाएँ । शरीरका भिजेका लुगा सुकाएँ । छोरीलाई चिसोले समाती सकेछ । ऊ निकै सिकिस्त भई । जोगिनीले अस्पताल लैजान सल्लाह दिइन् । छोरी काखमा लिएर म ओरालो झरेँ । एउटा बटुवाले कहाँ दिदी यस्तो हतारमा भन्दै मेरो अगाडि एउटा प्रश्न तेर्सायो । अस्पताल । छोटो उत्तर दिएर म आफ्नो बाटो लागेँ ।

बटुवाले फेरि भन्यो, रोक्नुहोस् दिदी !

मेरा खुट्टा अडिए ।

उसले यहीँमाथि वैद्य छन्, जस्ता रोग पनि निको गर्छन् त्यही जाँदा हुन्छ भन्यो ।

म पनि त्यतैतिर हुत्तिएँ । वैद्यले छोरीलाई निको पार्न ५ सय लाग्ने बतायो । ५ सुकी नभएको बेला ५ सय कहाँबाट ल्याउने ? म तर्सिएँ ।

गाउँलेबाट सदरमुकाम जाने सल्लाह पाएपछि त्यतैतिर झरेँ । सदरमुकामका नामुद डाक्टर कहाँ पुग्दा एक दिन पूरै लाग्यो । दोस्रो दिन छोरी जचाउन लाइनमा उभिएँ । मभन्दा अगाडि अब दुई जना मात्रै बाँकी थिए । भित्रबाट एउटा केटी निस्की र रुन थाली ।

यसले मलाई बर्बाद पार्‍यो, जाँच्ने वहानामा ओछ्यानमा लगेर सर्वस्व लुट्यो । उसले डाक्टरका कुकर्म सब फकाल्न थाली । कसैलाई भनेमा मार्ने धम्की दिएको कुरा पनि उसले सबैलाई बताई । साथमा उसकी भाउजू आएकी रहिछ । उसले सबैलाई आफूमाथि भएको अन्यायबारे बताई ।

मान्छेहरूको घुँइचो लाग्यो । डाक्टरलाई त्यही कोठाभित्र थुनेर बाहिर निस्कन दिएनन् । कसैकसैले ढुङ्गामुढा बर्साउन थाले ।

छोरीको उपचार यहाँ असम्भव भएपछि आर्मी अस्पतालतिर जाने केही मानिसलाई पन्छाएँ ।

गाउँबाट एउटा साधारण आइमाई अम्बा बेच्न आइछ । आर्मीहरूले सबै अम्बा रित्याइ दिएछन् । पैसा माग्दा ल पैसा भन्दै उसको अस्तित्वमाथि प्रहार गरेछन् । त्यो आइमाईले पुलिस अफिसरलाई उजुर गरिन्छ । पुलिस अफिसरले सबैजना आर्मीलाई पोशाकमा उभ्याएछ र अभियुक्तलाई चिन्न लगाएछ । सोझी आइमाईले पोशाकमा उभिएका सबैलाई उस्तै देखिछ र अभियुक्तलाई चिन्न सकिनछ ।

पुलिस अफिसरले आइमाईलाई जेपायो त्यही बेकारमा भन्छे यो काम नभएकी भन्दै घचेट्दै हुलबाट बाहिर हुत्यायो । निर्दोष सोझी आइमाई पैसा कमाउनुको सट्टा इज्जतलाई धरापमा राखेर रुग्ण अनुहार लिई, व्याकुल बन्दै आफ्नो भविष्यबारे र घरपरिवारबाट गरिने व्यवहारबारे सोच्दै उकालो लागी ।

एउटाले गाउँमा भर्खर नयाँ नर्स आएको कुरा सुनायो । सहरबाट धेरै वर्ष काम गरेर आएकी र उसले राम्रो उपचार गर्ने कुरा पनि बतायो । ४ घण्टाको उकालो ओरालोपछि नर्सको घरमा पुगेँ । कोठाबाट अङ्ग्रेजी लुगा लगाएका, टोपी चाहिँ नेपाली अनि निधारमा टीका, अग्ला र मोटा देख्नमा भलादमीझैँ पुरुष निस्के ।

१०/१५ मिनेटसम्म कोही बाहिर ननिस्केपछि ढोकामै गएर यो घर नर्सको होइन भनेर सोधेँ । भित्रबाट एउटै अनुहार भएका दुइटी तरुनी निस्के र मलाई बस्न भने ।

दुबै एकसाथ रोएको देख्दा मेरो मुटु डरले काप्न थाल्यो । म त्यहाँ पुग्नु, केही कुरा नगर्दै तिनीहरू रुनु, मैले केही बुझिन । उठेर आफ्नो बाटो लाग्ने विचार भयो तर सकिन । तिनीहरू चुप लाग्नुको साटो झन् घुइघुइती रुन थाले । मैले आफू आउनुको सम्पूर्ण कारण बताएँ ।

एउटीले आँसु पुछ्दै भनी - दिदी हामी तपाईंलाई यहाँ आएको देखेर रोएका होइनौ । हाम्रो व्यथा अर्कै छ । अहिले बाहिर गएको मान्छे त देख्नु भयो होला नि ? मैले टाउँका हल्लाएर हो को उत्तर दिएँ । उनले भनिन् त्यो हाम्रो दाइ हो । हामी दुईटी जुम्ल्याहा बहिनी । दुवैलाई त्यसले एक-एक गरेर बरबाद गऱ्यो । बिहान उठेर नुहाइ धुवाइ गरेर शङ्ख फुक्नु, मन्त्र जप्नु, घण्ट बजाउनुदेखि लिएर नजिकका दुई तीनवटा मन्दिर भ्याउनु उसको दैनिक काम हो । बाहिर हेर्दा ऊ जस्तो सज्जन र भद्र मानिस कोही छैन । गहिरिएर हेर्दा यति नीच छ । सायद यस संसारमै यस्ता मानिस कमै होलान् ।

छोरीको उपचार कही सम्भव नदेखेपछि म कुटीतिर फर्कें । जोगिनीले जटिबुटीद्वारा उसको उपचार गर्न थालिन् । चिसो फ्याँक्न तेल लगाएर सेक्ने कामसमेत गर्न थालिन् ।

भदौको महिना धान रोप्ने र गोड्ने काम सिद्धिइसकेको थियो । सबैले घर लिपेर चिटिक्क पारे । आँगनको सरसफाइ पनि उत्तिकै राम्रोसँग गरियो । यसपाली तीज छिटै परेकोले तीजको लहर पनि छिट्टै बढ्यो । माइत आउने जाने क्रम पनि चल्यो ।

तीजको अवसरमा सदरमुकामको क्याम्पसमा महिलालाई दर खुवाउने कार्यक्रममा जोगिनीलाई पनि निमन्त्रणा आएको रहेछ । जोगिनी त्यो क्षेत्रकै बुद्धिजीवी महिला ठानिन्थिन् ? प्रायः सबैजसो कार्यक्रममा उनको सहभागितालाई अनिवार्य मानिन्थ्यो ।

जोगिनीले उक्त कार्यक्रममा मलाई पनि जान आग्रह गरिन् । शुभकामना आदानप्रदान गर्न बोलाइएका व्यक्तिहरू राजनीतिक भाषण गरिरहेका थिए । कसैले तीज नेपाली नारीको महान् पर्व भएको कुरा बताए भने कसैले तीजको सांस्कृतिक रूपान्तरण हुनुपर्ने कुरामा जोड दिए । कसैले लोग्ने मानिसले स्वास्नीको दीर्घायूको लागि व्रत बस्न नसकेकोले महिलाहरूले मात्रै सधै पानी नै नखाई लोग्नेको दीर्घायूको कामना गरी दास प्रथालाई प्रश्रय नदिए राम्रो हुने कुरा बताए ।

तीजका बारेमा गरिएका राजनीतिक विश्लेषण चित्त बुझ्दा थिएनन् । बोल्ने वक्ताहरूलाई तीजको बारेमा थाहा रहेनछ । उनीहरूलाई थाहा थियो केवल पार्टीका सिद्धान्तहरू ।

वास्तवमा तीज लोग्नेको सुस्वास्थ्य र दीर्घायूको लागि मात्र मनाइन्न । यसको आफ्नै इतिहास पनि छ । पहिले मातृसत्तात्मक व्यवस्था थियो । महिलाहरू घरबाहिरको काममा सक्रिय रहन्थे भने पुरुष घरको काममा । अहिले जसरी महिलाहरू बिहेपछि माइतिघर छोडेर पुरुषको (कर्म) घरमा जान्छन् त्यसरी नै पहिले पुरुषहरू बिहेपछि महिलाको घरमा जान्थे । पहिलेका पुरुषहरू त्यसरी नै अधिकारबाट बन्चित हुन्थे जसरी अहिलेका महिलाहरू छन् । निर्णायक काममा पनि महिलाकै अग्रसरता रहन्थ्यो । यी सब कुराहरू पुरुषलाई सहिनसक्नु भएछ । उनीहरूले सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिएर अधिकार सम्पन्न हुन चाहे । जसरी राणाहरूले नेपाली जनतामा निरङ्कुशता लादेका थिए त्यसरी नै पुरुषहरूले नारीमाथि निरङ्कुशता लादे ।

जो सत्तामा हुन्छ त्यो सम्पूर्ण रूपमा बलियो हुन्छ । सामान्य रूपमा सत्तामा भएका महिलाबाट पुरुषहरूले अधिकार खोस्न सकेनन् । नारीहरू शारीरिक रूपमा पनि बलिया थिए । जसरी अहिले आफ्नो पिण्डदाता, वंशको रक्षक भनेर छोरालाई मीठो खुवाइन्छ र छोरीलाई अर्काको घरमा जाने जात भनेर जन्मेदेखि नै ‘छोरा जन्मे खसी, छोरी जन्मे फर्सी’ भनेर भेदभाव गरिन्छ त्यसरी नै पहिले छोरीलाई वंशको रक्षक मानेर मीठो खुवाइन्थ्यो र विशेष प्रकारको पालनपोषण हुन्थ्यो जसरी अहिलेका छोराको हुन्छ । अहिलेका नारीहरू शारीरिक रूपमा कमजोर छन् किनकि जन्मेदेखि नै उनीहरूलाई उपेक्षापूर्ण नजरले हेरिन्छ र मीठो खानाबाट समेत बञ्चित गरिन्छ । अहिले पुरुष बलियो हुनुको कारण खानपान नै हो । पहिलेका नारीहरू अहिलेको जस्तो उपेक्षित र अपहेलिन थिएनन् । शारीरिक रूपमा पनि बलिया महिलाहरूसँग जब युद्ध गरेर पनि अधिकार प्राप्त गर्न सकेनन् अनि नारीहरूलाई नियन्त्रणमा ल्याउन उनीहरूको नाकमा अङ्कुश लगाइयो । हातमा हत्कडी र खुट्टामा नेल लगाइयो । उनीहरूलाई बन्दी बनाएर सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर पितृसत्ताको स्थापना गरियो ।

बन्दी महिलाहरू सधैं बन्दी बनेर बस्न सकेनन् । उनीहरूले अङ्कुशहरू चुँडाले, हत्कडी र नेल फुटाले र अधिकार प्राप्तिको लागि लडे । जब सत्ताधारीले अचाक्ली गर्छन् तब अधिकारविहीनहरू एकजुट भएर शसक्त उत्रिन्छन् । एकजुट भएर जुन शक्ति आउँछ त्यसका अगाडि सत्ताधारीले जहिले पनि घुँडा टेक्नै पर्छ । हो त्यतिखेरका पुरुषले पनि नारीलाई सधैंभरि बन्दी बनाएर राख्न सकेनन् ।

एकदिन नारीमाथिको बन्धन स्वतन्त्र गरियो । अङ्कुश, नेल, हत्कडी सब खोलिए । अङ्कुशले नाकमा ठूलो प्वाल पारिसकेको थियो । नेल र हत्कडीले खुट्टा र हातमा कालानीला डाम पारिसकेका थिए जसले नारीको सुन्दरतालाई कुरूप बनाएको थियो । ती ठाउँहरूलाई पुर्न नाकमा बुलाकी, हातमा चुरा, खुट्टामा पाइल, कानमा रिङ् र थप अन्य गहनागुरियाले सजाइयो । पुराना लुगा खोलेर नयाँ रङ्गीन लुगाहरू लगाउन दिइयो । खुसीयालीमा सबैलाई रातो टीका र रङ्गीन मालाहरूले सिंगारियो । नारीहरू फेरि सुन्दर देखिए । पुरुषहरू नारीको सौन्दर्य देखेपछि हुरुक्क हुन्छन् र त्यसको प्राप्तिको लागि जे गर्न पनि तयार हुन्छन् । आफ्नो उपभोगको लागि सिंगारिएर घरमा बस्न लगाए पुरुषले नारीलाई ।

जुन दिन नारीहरू पुरुषको पञ्जाबाट स्वतन्त्र भएका थिए त्यही दिनको स्मरणमा प्रत्येक वर्षको त्यही दिन नेपाली महिलाहरूले तीज मनाएर खुसीयाली आदान-प्रदान गर्छन् । तर नेपालका शिक्षित र मै हुँ भन्नेहरूले पनि तीजलाई पति भक्तिको पर्व मात्रै ठानेका छन् ।

भोलिपल्ट तीजको दिन, गाउँका सबैजसो महिलाहरू पतिको सुस्वास्थ्य र दीर्घायूको कामना गर्दै व्रत बसे । मन्दिराको लोग्ने तीजको लागि रातो सारी र सुनको बाला ल्याइदिन ६ महिनाअघि नै भारततिर झरेका हुन् । तीजको दिन जसरी पनि सुनको बाला कमाएर आइपुग्ने वाचा थियो उनको । साँझसम्म पनि मन्दिराको लोग्ने आएनन् । श्रीमान् नआउन्जेल पानी पनि नखाने बाचामा उनी अडिग रहिन् ।

दोस्रो दिन प्रहरीले लोग्ने भेट्न छिटो आउनुहोस् भनेर मन्दिरालाई बोलाए । मन्दिरा सदरमुकामतिर झरिन् नदीको किनारामा उनको लोग्नेको लाश तेर्स्याइएको रहेछ । तीजको बिहानै बसबाट उत्रेर हातमुख धुन उनी नदीमा गएका रे ! छिट्टै घरमा

पुगेर श्रीमतीलाई सारी र बाला दिने उनको रहर रहेछ । हातमुख धुँदा ढुङ्गाबाट चिप्लेर नदीमा सदासदाका लागि डुबेछन् ।

मन्दिराको लागि ल्याइएको रातो सारी नदीमाथि उत्रिरहेको थियो । सुनको बाला त अरूले नै हात लगाइसकेछन् । विधिको विधान पनि कति बिचित्रको रहेछ जसको सुस्वास्थ्य र दीर्घायुको कामना गरी पानी नखाइकनै मन्दिरा व्रत बसेकी थिइन् त्यही व्यक्तिको लाश आफ्नो अगाडि देख्दा मुर्छित् भएर त्यही ढलिन् ।

जोगिनीको व्यवहारबाट म छक्क परिरहेकी थिएँ । उनी यति मिजासिली, मिलनसार र सहयोगी थिइन् जसको वयानै गर्न सकिदैन । उनी यति कलिलै उमेरमा किन जोगिनी भइन् मैले सोध्न सकिन । उनको आँखा, ओठ, मिलेका दन्तलहर, अनुहारको आकृति देख्दा सामान्य नारीझैँ उनी लाग्दैन थिइन् । उनको शरीरमा पहेंलो पहिरन नहुँदो हो त उनी छुट्टै किसिमकी नारी देखिन्थिन् । खरानी घसेर, पहेंलो पहिरन पहिरिए पनि उनको सुन्दरता टल्किरहन्थ्यो ।

उनका बारेमा मैले जति जान्न खोजे पनि कहिल्यै बताइनन् । एक दिन जब मैले उनले लेखेको किताब पढेँ अनि उनको विगतदेखि वर्तमान सबै जान्ने मौका पाएँ ।

उनी कुनै सम्भ्रान्त परिवारकी छोरी रहिछिन् । दिमाग सानैदेखि तीक्ष्ण रहेछ । धन र रूपले केही घमण्डी बनाएको थियो रे उनलाई । प्रवेशिकापछिको पढाइका लागि उनी सहर पसिछन् । उनले किताबमा लेखेकी थिइन् । 'सुन्दर हुनु पनि अभिशाप रहेछ ।' यदि म सुन्दर नभएको भए मैले आजको जीवन भोग्नु पर्ने थिएन । उनी अगाडि लेख्छिन्, 'मै हुँ भन्ने बडेबडेका केटाहरू पनि मेरा अगाडि नतमस्तक भएर शिर निहुऱ्याउँथे ।' मलाई आफ्नो बनाउने होडबाजी हुन्थ्यो उनीहरूमा । जब म बि.ए.मा पढ्दै थिएँ तब बिहे गर्ने निम्ताहरू पनि आउन थाले । सबैको जिस्किने साधन हुनुभन्दा एउटा पुरुषको आरक्षण लिऊँ भनेर बिहेलाई स्वीकारेँ ।

दुई चार महिना जीवन खुसी भयो । माया पनि पाइयो । सधैंभरि एकैनासको रहेन जीवन । दाइजो पाउने लोभले उसले बिहे गरेको रहेछ । घरबाट आफूखुसी बिहे गरेको भनेर केही मतलव गरिदिएनन् । सुरुमा त उसले सोचेछ । छोरीले आफूखुसी

बिहे गरी भनेर रिसाएका होलान् । विस्तारै रिस शान्त भएपछि दुबैलाई बोलाएर टीकाटालो गरी दाइजो दिने होलान् । एक-ढेड वर्षसम्म पनि कसैले नटेरेपछि उसमा भएका सहनशीलताका गुणहरू नष्ट हुँदै गएछन् । जुन कुराको लागि बिहे गरेको थियो त्यही कुरा नपाएपछि ऊ मानवबाट दानव भएछ । दाइजो नपाएको झोंकमा विनाकारण निहु खोजी खोजी लड्न थाल्यो ।

मेरो जीवन यति बन्धित भयो कि आफ्नो इच्छाअनुसार केही गर्न सकिन । जेलको अँध्यारो र चिसो छिडीमा थुनिएको भए शारीरिक रूपले मात्रै म बन्दी हुन्थेँ होला । मेरा मानसिक आस्थाहरू यसरी जल्ने थिएनन् होला । मेरा विचारहरू धरधरी च्यातिए । म किचिएँ, रेटिएँ, थिचिएँ, कुल्चिइएँ, 'चिमोटिइएँ, निमोठिइएँ', रित्याइएँ र फ्याकिएँ । म बेचिएँ । मेरा इच्छा र आकाङ्क्षाहरू बेचिए । मेरा विचार बेचिए । मेरो जीवनको मोल भयो एउटा पशुझैँ ।

अस्तित्त्व अस्वीकारबाट जन्मन्छ तर म किन सधै उसको दासता स्वीकारी रहुँ । उसले सजायको नाममा आफ्नो थुक, सिँगान चाट्न लगाउन थाल्यो । कहिलेकाही आफ्ना पैताला चाट्न भन्थ्यो ।

रिस यतिसम्म उठ्थ्यो । उसको घाँटी निमोठेर मारेर फ्याँकिदिऊँ । जे सोचे पनि गर्न केही सकिन । दासताको जीवनलाई स्वीकार्नुभन्दा जोगिनीको जीवनलाई किन नस्वीकार्ने ? के जोगिनीको जीवनमा पनि पर्लान् र पुरुषका आँखा ? दश घरका कुकुर भुकाएर भए पनि स्वतन्त्र जीवनको इच्छा पलाएर आयो । सरासर जोगिनीको आश्रममा गई पहेंलो वस्त्र पहिरें र खरानी घसें । सबै यौवन छोपिएजस्तो लाग्यो । दासताबाट मुक्ति पाएजस्तो लाग्यो ।

× × ×

## ४

आफ्नो अधिकार जमाउन घर परिवारबाट टाढा भए पनि एकदिन ऊ त्यहीँ पुग्यो । मैले उसलाई नचाहेरै हेरेँ । भयातुर आँखा, जीउ रिस र क्रोधले थरथर कापिरहेको, मेरो मुखबाट शब्दहरू फुत्किए । म कसैकी श्रीमती थिएँ तर अब छैन अब म नारीत्व रक्षाको लागि जे पनि गर्न सक्छु ।

यी शब्द सुन्नेवित्तिकै ऊ बाघ गर्जिएझैँ गर्जियो र भोको बाघले बाख्रो झम्टेझैँ उसले मलाई झम्ट्यो । डर र रिसले म थरथर काँपिरहेँ । लाग्यो उसले आज सम्पूर्ण शरीर नै लुछेर खानेछ । मानौँ जीवनको अन्तिम दिन यही हो । अन्तिम अवस्थामा छोरीको मुखसम्म हेर्न पाए, केही भन्न पाए अनि उसको दुस्मनलाई चिनाउन पाए हुन्थ्योझैँ लाग्यो ।

हात जोरले समातेर खाउँलाझैँ गरी मलाई हेरिरह्यो । उसको हातबाट फुत्किनु असम्भव थियो । ढुङ्गा र माटोले बनेका मूर्ति सधैं पुज्ने बानी थिएन ममा । बिहान बेलुका पूजापाठ गर्नु मेरो नित्य कर्म पनि होइन अनि म नास्तिक पनि होइन । म त कर्ममा विश्वास गर्ने मान्छे ।

अचानक म आस्तिक बनेँ । भाग्यवादी बनेँ । भगवान्लाई मलाई बचाउनुहोस् भनेर पुकारेँ । प्राथना गरेँ । उसको आँखातिर एक नजर लगाउने प्रयास गरेँ । ऊ अघिझैँ भयातुर  आँखाले हेरिरहेको थियो । उसमा मानवताको कुनै सङ्केत थिएन ।

एकाएक ऊ चिच्यायो र मेरो हात छोड्यो । किन उसमा यति ठूलो परिवर्तन आयो ? किन छोड्यो उसले मलाई ? चारैतिर नजर घुमाएँ । ठूलो सर्प उसलाई टोकेर यथास्थानमै अडिग थियो । उसको खुट्टामा रगत बगिरहेको थियो । अब उसको ध्यान मबाट सर्पतिर खिचियो । सर्पलाई मार्न लौरो लिएर तम्सियो । यही मौका पारेर म त्यहाँबाट भागेँ । अब त्यहाँ बस्न उचित थिएन । छोरीलाई लिएर म अर्को गन्तव्यहीन यात्रामा लागेँ ।

उसले भेट्टाउँछ कि भनेर म जोडतोडले दगुरेँ छोरी सानै थिई । उसलाई प्यास लागेछ । पानी-पानी भनेर ऊ कराउन थाली । सुनसान जङ्गलको बाटो कहीँकतै पानीको मुहानै देखिएन । उसले भेट्टाउछ कि भनेर भ्याङ्को पछाडितिर लुकेर बसेँ । पातमा जम्मा भएको पानी खुवाएर छोरीको प्यास मेटाउन खोजेँ । मुटुको धड्कन डरले बढी नै रह्यो ।

अहो ! सोच्नै नसकिने विधिले कस्तो बनायो विधान पनि । श्रीमान् शिरसँग जोडिएको नाता जसको अगाडि श्रद्धाले शिर झुक्छ, मायाले मुटु रसाउँछ, दुःख सुख बाँडिन्छ । जीवनको मीठो सपना बोकेर जीवनपथमा लम्किन्छ । त्यो व्यक्तिसँग नै डराएर भाग्नुपऱ्यो ।

बिहेपछि जीवनको सुरुवात हुन्छ भन्थे । कहीँ दुःखको सुरुवात भनेको त होइन ? आत्मसमपर्णको सुरुवात भनेको त होइन ? सबैको एउटै हुँदैन पनि जीवन । आखिर सूर्य उदाउँदा सधै एकैनासको कहाँ हुन्छ र ! कहिलेकाहीँ आफ्नो उज्यालो र चम्किलोपन कालो बादलमुनि छोप्नु पर्ने विवशता पनि त हुन्छ उसलाई ।

× × ×

## ५

मेरो छोरीले पढाइमा राम्रो प्रगति गरी । आँसु आँसुले भिजी सकेको यो जीवनमा एक दिन उसले उमङ्ग ल्याई । उसको प्रगतिमा म धेरै खुसी भएँ । कुरो के भने उसले खेल प्रदर्शनीमा पनि पहिलो स्थान ओगटी भने प्रवेशिका परीक्षामा पनि जिल्ला टप गरी । गायनमा पनि उसले पहिलो स्थान नै हासिल गरिछ । त्यो दिन मेरो खुसीको सीमा नै रहेन । उसलाई विभिन्न सङ्घसंस्थाले नगद पुरस्कारसहित सम्मानित गर्ने घोषणा गरेका थिए । छोरीमाथि मैले जुन सपना देखेकी थिएँ त्यो पूरा भएको देख्दा म हर्षविभोर भएँ ।

पुरस्कार ग्रहण गर्न हामी आमा-छोरी राजधानी काठमाडौं आयौं जहाँका बाटाघाटादेखि लिएर मानिस, भेषभूषा, रहन-सहन, बोली-भाषा प्रत्येक कुरा नयाँ थिए हाम्रा लागि । धेरै समस्या पनि आउँथे । छोरीले सबलाई समाधान गर्ने कोशिस गर्थी र भन्ने गर्थी समस्या नभएको जीवनको के महत्त्व ? जुन जीवन केवल खाएर, रमाइलो गरेर मात्रै सिद्धाइयोस् । जीवन भनेको नै सङ्घर्षशील हुनुपर्छ । उसका यस्ता कुरा सुन्दा म गौरवान्वित हुन्थेँ ।

अरू जिल्लाभन्दा धेरै फरक रहेछ राजधानी काठमाडौं । पश्चिमी संस्कृतिको नक्कलले यहाँ केटाकेटी चिनिदैनन् । केटीहरू केटाहरूले लगाउने सर्ट-पाइन्टमा सजिएका छन्, केटाहरू कानमा मुन्द्रा, हातमा बाला, घाँटीमा माला, टाउकामा केश लामा, बोलीबाट छुट्याऊँ भन्दा पनि रिमिक्स बोल्दा रहेछन् ।

बिहानै उठेर हातमुख धुन नदीमा गएँ । यहाँका वागमती र विष्णुमती त पानी बग्ने नदी नभएर फोहोर बग्ने ढल पो रहेछन् । नाक थुन्दै कोठामा फर्के । जताततै फोहरै फोहर दुर्गन्धले सास फेर्नै नसकिने । गाउँमा गएर नेताहरूले हाम्रो पार्टीलाई भोट दिएर जिताउनु भयो भने तपाईंको गाउँ झिलिमिलि पारिदिन्छौं । घरघरमा रोजगारी दिन्छौं । यो ठाउँलाई नमूनाको रूपमा चिनाउछौं भनेर भाषण गरेको मस्तिष्कमा ताजा भएर आयो । प्रधानमन्त्री, मन्त्रीदेखि लिएर ठूलाठूला नेता र

पूँजिपतिहरू जति सबै बस्ने ठाउँ, अझै विदेशीहरू आउने ठाउँको हालत यो छ भने के उनीहरूले गाउँको विकास गर्लान् त ? आफू बस्ने शहरको फोहर व्यवस्थापन गर्न नसक्नेले गाउँको विकासको कुरा गर्न के सुहाउँछ र ? नेताहरूका भाषणहरू केवल शब्दमा मात्रै सीमित रहेछन् भन्ने कुरामा म विश्वस्त भएँ ।

छोरीले मलाई काठमाडौं सहर घुम्न भनेर लगी । पेटीमा एउटा अन्धो आरामै नगरी खुबसित मादल ठोक्दै थियो । मानिस आउँछन् जान्छन् तर कसैले पनि उसलाई एकसुकी पनि दिएनन् तर पनि उसले मादल बजाउने काम दिनहुँ दोहोऱ्याइरहँदो रहेछ । त्यसले साँझ के खान्छ होला ? छोरीले जिज्ञासा प्रकट गरी ।

अलि पर जाँदा एउटा मान्छे थरथर काँपिरहेको, खुट्टाबाट खुन, पीप निस्किरहेको, झिङ्गाहरू शरीरैभरि भन्किरहेका । मानिसहरू आ-आफ्नै सुरमा हिँडिरहेका थिए । कोही प्रेमिकाका साथ, कोही श्रीमतीका साथ, कोही साथीसँग, कोही अन्य अन्य नातेदारसँग आ-आफ्नै कुरामा व्यस्त थिए सबै । त्यस बूढालाई हेर्ने कसको फुर्सद !

एउटा बूढो मानिस हेर्दा सामान्य परिवारको जस्तो लाग्थ्यो रहन-सहन हेर्दा । उसले काँपिरहेको त्यस बूढोलाई हेऱ्यो र ५ रूपैयाँको एक सिक्का उसको भाँडोमा राखिदियो । त्यो एक सिक्काबाहेक उसको भाँडामा दुई चारवटा झिङ्गाबाहेक केही थिएन ।

पुल पार गर्न लाग्दा हाम्रो नजर एउटी आइमाईमाथि पऱ्यो । काँखमा सानी छोरी, शरीरमा च्यातिएको छाती नछोप्ने लुगा, मयलले रङ्ग छुट्याउनै नसकिने मनेठो (कपालमा बाध्ने एक प्रकारको कपडा) लगाएकी । फोहरले घाँटीमा कलेटी परेकी । अनुहार कालो न नीलो, निन्याउरो । नजिक जाँदा नराम्रो गन्ध आउने, घिन लाग्दी अधवैंसे आइमाई । उसले घरी-घरी हात थाप्छे, कसैबाट एकसुकी नझरेपछि निराश भएर शिर झुकाएर बसिरहन्छे । केही छिनमै उसभित्रको आशा फेरि सजीव भएर आउँछ कि क्या हो ? आशाको हात फैलाउँछे । उसका आशाहरू सधैं निराशामा नै बदलिन्छन् ।

उसको अवस्था देख्दा मलाई आफ्नो विगतले चिमोटेर ल्यायो । मुटुको ढुकढुकी बन्द भएजस्तो लाग्यो । मन कालो बादलले डम्म भयो । आँखा वर्षेभेल बगाउने तयारीमा थिए । खुट्टा चल्नै छोडेछन् । मानिसको भीडलाई छिचोलेर म उसको नजिक गएँ र सोधेँ, दिदीको घर कहाँ नि ? ऊ निरुत्तर बसिरही । कसैले एकसुकी खसाउँछ कि भन्ने आशामा ।

म आफैप्रति लज्जित भएँ । मेरो मुखबाट अनायासै निस्केको घर कहाँ शब्दलाई पल्टाएर हेरेँ । 'घर' शब्द मेरो मानसपटलमा घुमिरह्यो । घर भएको मानिस एकसुकीको लागि दिनभर हात पसारेर बस्छ होला र ? आफैप्रतिको प्रश्न थियो यो ।

फेरि साहस गर्दै सोधें 'नानीको बाबा नि ?' उसले पुलुक्क मेरो मुखमा हेरी तर जवाफ दिइन । केहीछिन सोचेर उसले भनी, 'मेरो जीवनको सुरुवात कहाँबाट भयो र कहाँ गएर अन्तिम हुन्छ म भन्न सक्दिन । मेरो आफ्नो मान्छे कोही छैन । कोखको नानी चाहिँ अरूको सुरक्षार्थ खटिएका पुलिसको हो । म अरूको प्यास मेटाउने साधन बनिरहेछु । हात पसारेर दिनभर बस्दा पनि साँझ पेटभरि खान पाइँदैन । यसको विकल्प पनि अरू केही छैन । यति भनेर ऊ रुन थाली । मैले उसलाई एक छाक पेटभरि खान पुग्ने गरी पैसा दिएँ र त्यहाँबाट हिँडे । यसभन्दा बाहेक अरू केही गर्न सक्ने क्षमता थिएन मेरो ।

टेलिभिजनका पर्दामा नयाँ-नयाँ कुरा देख्न पाइँदो रहेछ । अमेरिकामा बाँदरले कार चलाएको कुरालाई हेर्न पाइयो । नेपालका जनताले कार देखेका छैनन् तर अमेरिकामा बाँदरले चलाउँदा रहेछन् । साँच्चै कस्तो होला त्यो देश ? चीनमा चार करोड अमेरिकन डलर बराबरको एक व्यक्तिलाई लुगा सिलाइएको कुरालाई पनि टेलिभिजनले प्रमुख समाचार बनाएको थियो ।

विश्वले कति प्रगति गरिसकेछ तर नेपालका नारी सडकमै बच्चा जन्माउँछन् । पुलिसद्वारा नै लुटिन्छन् । आफन्तद्वारा नै तिरस्कृत हुन्छन् ।

पुरस्कारको लागि विभिन्न सङ्घसंस्थाले बोलाए अनुसार अभिलाषा विभिन्न सङ्घ-संस्थामा गएर पुरस्कार ग्रहण गर्नमा व्यस्त थिई । अन्तिम पुरस्कार नगद ५०

हजार सहित प्रमाण पत्र लिन खेलकुद संस्थामा जानु थियो । त्यहाँ प्रमुख अतिथिदेखि लिएर सबैजना आइसकेका थिए । सबै कुराको तयारी भइसकेको थियो । अभिलाषाको उपस्थिति ढिलासम्म नहुँदा कार्यक्रम उसलाई सम्मान नगरेरै समाप्त भयो । सधैं समयको ख्याल गर्ने अभिलाषा किन कार्यक्रममा उपस्थित हुन सकिन ? मनमा अनेकौं प्रकारका डरहरूले स्थान लिए । उसलाई के भयो होला ? कता गई होली ? यत्रो सहरमा उसलाई केही त भएन ? रातभरि निद्रादेवीले साथ दिइनन् । छट्पटी भइरह्यो ।

बिहानै उठेर बाहिर निस्कें । ढोकाको अगाडि क्षतविक्षत पारिएको अभिलाषाको मृत शरीर थियो । म छागाबाट खसेझैं भएँ । यो सब कसरी भयो ? म अताल्लिएँ । उसलाई छामें । ओल्टाएँ, पल्टाएँ, बोलाएँ तर उसले केही सुनिन ।

म रोएछु, कराएछु र बेहोस भएर लडेछु । होसमा आउँदा म अस्पतालमा थिएँ । होस आउने वित्तिकै नर्सले बडो नर्मतापूर्वक भनी हामी तपाईंकै प्रतिक्षामा थियौं । तपाईंको होस आएर ठीक भयो । अब तपाईंकी छोरीको पोष्टमार्टम गर्नुपर्छ । यो लिनुहोस् यो पत्र । तपाईंकी छोरीको लाशसँगै भेटिएको रे ! नर्सले एउटा रङ्गीन कागजको टुक्रा हातमा थमाई ।

म यी अक्षर प्रष्टै बुझ्थें । मेरो छाती चिरिएर आयो । मुटु काँप्यो । रिस र घृणाले मेरा दात किट्किटाउन थाले । छोरीको पोष्टमार्टम नगर्न भनें तर डाक्टरले मानेनन् । मरिसकेको मानिसलाई पनि सुख कहाँ हुँदोरहेछ । मृत लाशलाई चिरफार गरियो ।

लाशको जिम्मा लिन नयाँ अनुहार एकाएक झुलुक्क झुल्कियो जुन मेरा लागि नयाँ थिएन । मेरो शरीरसँग जोडिएको नाता हो ऊ । म भयभीत भएँ । एकाएक मुटु चल्न छोडेझैं भयो । म थरथर काँप्न थालें । एकाएक मेरा चेतनामा अर्कै कुरा पलायो त्यो थियो बदलाको । मैले पुलिसलाई उसले लेखेको प्रमाण दिएँ उजुरीका साथमा । मेरो आशाको केन्द्र, मेरो मुटुको टुक्रा, मेरो बाँच्ने आधार, मेरी अभिलाषा अब यस संसारमा नभए पनि जीवनभर जसले उसलाई र मलाई तड्पाई-तड्पाई जीवन जीउन वाध्य गरायो त्यससित बदला लिन पाउने निश्चित लागेर मनको कालो बादल केही मात्रामा

भए पनि हटेर गयो । ओठमा मुस्कानका रेखा देखापर्न नसके पनि आँखाले साउने झरी अलिक कम गर्दै लग्यो ।

सूर्यको किरणले झ्यालबाट मेरो ओछ्यानमै स्पर्स गरिसकेका थिए । मलाई उठ्न मनै थिएन । आफ्नो विगत सम्झेर, छोरीसँग बिताएका क्षण सम्झेर गहभरि आँशु पारी पल्टी नै रहेँ । ढोकामा ढकढकको आवाजले उठ्न बाध्य तुल्यायो । नचाहँदा नचाहँदै ढोका खोलेँ । एउटा अद्‌भूत र नितान्त नौलो दृश्य मेरो अगाडि देखियो । पुलिसहरू हत्कडी देखाएर भन्दै थिए । तपाईंको छोरीको हत्या तपाईंबाटै भएको प्रमाणित भएकोले हामीसँग चुपचाप हिँड्नुहोस् । म छागाबाट खसेझैं भए । पुलिसलाई एकटकले नजर नझिम्काई हेरिरहें । मानौँ ऊ नै मेरो जीवनको ठूलो शत्रु हो झैँ गरी । उनीहरूले जवर्जस्ती मेरा हातमा हत्कडी लगाए र गाडीमा हुले । लगेर मलाई एउटा अँध्यारो छिडिमा बन्द गरियो । झ्यालबाट बाहिरतिर हेरेँ । त्यहाँ एउटा रवाफिलो, अग्लो, अलिक मोटो, खुव फूर्तिलो, एकदमै रवाफिलो पुरुष खुसीका साथ गर्भ गर्दै हिँडिरहेको थियो । उसले म थुनिएको कोठातिर हेऱ्यो । ऊ मेरै श्रीमान् थियो । आफ्नै छोरीको हत्यारा, मेरो जीवन बर्बाद गर्ने एउटा कारक तत्त्व, जसले मलाई जीवनभर दु:ख दियो । एउटा अवला नारी जो हरतरहबाट जीवन जीउन सङ्घर्ष गर्दै थिई, उसैको जीवनदेखि डाह भएछ क्यारे उसलाई जसले आफ्नो जीवनको महत्वपूर्ण समय एउटी नारीलाई दु:ख दिनमै सिध्यायो अनि बचेको समय मनोरञ्जन गरेर । अरूलाई दु:ख दिँदा ऊ रमाउँथ्यो । अरूको आँशु नै उसको हाँसो थियो । उसले धेरै ठूलो पाप गरेको छ । एउटा निर्दोष छोरीको हत्या गरेर अनि अर्को निर्दोष, सङ्घर्षशील एउटा ममतामयी आमाको छातीमा लात हानी एउटा कालकोठरीमा बन्दी बनाएर । उसले आफूले धेरै ठूलो पुण्य कमाएझैँ गरेर पुलिसका साथ रवाफिलो भएर हिँडिरहेको देख्दा मलाई चिट्चिट् पसिनाले भिजाए ।

मैले हात उठाएर निधारको पसिना पुछ्ने प्रयास गरेँ । हात रङ्गीन भएर आयो । मलाई आफैदेखि, आफ्नो संस्कारदेखि घृणा जागेर आयो । मैले अझै यस पुरुषले दिएको सिन्दूर पहिरेकी रहेछु । मलाई घृणा लाग्यो आफ्नो शरीरसँग जोडिएका सम्पूर्ण वस्तुदेखि । मैले धोतीको किनाराले टाउँकाको सिन्दूर पुछ्ने प्रयास गरेँ । यो सिन्दूर

लगाएको दिनदेखि कहिल्यै हाँस्न सकिन मैले जीवनमा । साउनको रातझैं अन्धकारमय जीवन बिताउन वाध्य भएँ म । पूर्णिमाको जुनले पनि कहिल्यै मनभित्र स्पर्स गर्न सकेन । मैले हातको चुरा पनि फुटालें किनकि अब मलाई समाजको डर थिएन । कसैले लोग्ने नभएकी विधवा रहेछ । लोग्ने टोकुवा अलच्छिनी रहेछ । यसलाई देखेर आजको दिन बिग्रने भयो आदि, इत्यादि कुरा सुनाउलान् भन्ने डर थिएन । म त एउटा बन्दी आइमाई न हुँ । अब न कसैले मलाई भेट्न आउने छन्, न म नै यो कोठाबाट बाहिर जान पाउने छु ।

मानवेतर प्राणी कुकुर, बिरालाले आफ्ना केही इच्छा, आकाङ्क्षाहरू पूरा गरे होलान् तर मैले जीवनमा एउटा इच्छा र रहर पूरा गर्न पाइन । छोरीमाथि बोकेका सपना पनि सब सिसा फुटेझैं चकनाचुर भए ।

आफ्नो विगतमा डुबिरहँदा पुलिस अफिसर साथमा पियन र त्यही घमण्डी पुरुष मेरो झ्याल अगाडि ठिङ्ग उभिए । पियनले ढोका खोल्यो र थालमा भात र दाल के को हो ? छुट्याउनै नसकिने पानीजस्तो कुकुरलाई दिएझैं मतिर हुत्यायो । मैले त्यो भातलाई खुब हेरें तर खाइन । मेरो नजर फेरि त्यही पुरुषमा गयो । त्यसले पनि मलाई चिहाएर हेरिरहेको रहेछ । अब उसको निसानी मसँग केही बाँकी थिएन । उसको डर पनि थिएन अब मलाई । तर उसले अघिझैं राता-राता आँखा गरेर हेरिरहेको थियो । अफिसरले हिँड्नु जाऔं भनेर उसलाई अँगालो हालेर लग्यो । म हेरिरहें । केही छिनपछि ऊ मेरो आँखाबाट ओझेल भयो । म उसलाई नसम्झूँ ठान्छु तर सक्दिन । घृणा पनि नगरूँ ठान्छु, झन घृणा उर्लेर आउँछ । उसले दिएका यातनाले शरीर काँपेर आउँछ । प्रतिशोधको भावना झन् सबल भएर आउँछ तर मैले केही गर्न सक्दिन ।

मेरो श्रीमान् भनाउँदोले आफ्नै छोरीलाई समेत माऱ्यो । सम्पूर्ण प्रमाण जुटाई उसले मलाई जेलमा थुनायो । अब म साच्चै बन्दी भएँ । मेरो जीवन दिन प्रतिदिन रुग्ण र जीर्ण हुन थाल्यो । जीवनका आशा, भरोसा, इच्छा, आकाङ्क्षाहरू सबै मरेर गए । जीवनबाट निराश भएर कहिलेकाहीँ मृत्युको ढोका घच्घचाउन मन लाग्छ । तर मर्नु भनेको जीवनदेखि डराउनु हो । कायरपन हो भन्ने सम्झेर जीवनलाई सङ्घर्षशील बनाउन चाहें । अपसोच मेरो सङ्घर्षको के मूल्य ? कहाँ र कोसँग गर्ने मैले सङ्घर्ष ।

सङ्घर्षशील एउटा निर्दोष नारी जेलभित्र आफ्नो मुटुलाई ढुङ्गाले थिचेर बाँच्न विवश तुल्याइएकी छे । पुलिसहरूले मलाई खाउलाझैँ गरेर हेर्छन् । मप्रति गरिने व्यवहार र हेरिने दृष्टिकोण दुबै हेय छन् । सोच्दा सोच्दै मैले आफ्नो शरीर सुकाइसकेँ । मेरा दृष्टिहरू धमिला भैसकेका छन् । शरीर जीर्ण भइसकेको छ । मेरा भावनाहरू मरिसकेका छन् । तर पनि म अँध्यारो छिडिमा बाँचिरहेको छु ।

एक दुई हप्ता भयो । मलाई अलि राम्रो खाना दिइन्छ । सन्चो, विसन्चो सोधिन्छ । के खान मन छ ? ल्याइदिन्छु भनेर पियन सोध्न आउँछ । अहिले त ओढ्ने र ओछ्याउने पनि राम्रो दिइएको छ । ममाथि किन यति फरक व्यावहार हुन थालेको छ मैले केही बुझिन । न बुझ्न नै चाहेँ ।

म जीवनदेखि यति अवाक भएँ कि कसैले बोले पनि रिस उठ्न थाल्यो । आजकल पुलिस अफिसर भएर आएकी केटी मेरो खुब ख्याल गर्छे । उसको व्यावहार एकदमै नम्र र मिजासिलो छ । किन किन म पुलिसहरूका पोशाकदेखि नै डराउन थालेँ । उसको मिजासिलो स्वभाव र व्यवहार पनि मेरो अगाडि उसको पोशाकले छोपिदिन्थ्यो । म उसलाई हेर्न पनि चाहदिनथेँ । मलाई सम्पूर्ण पुलिसलाई देखेर रिस उठ्छ । निर्दोषीलाई दोषीको उपमा दिएर आज मेरो यो हालत बनाउने तिनै पुलिस हुन् । 'बन्चराको रिस अचानासित' भनेझैँ अरू पुलिसको रिसले म त्यो पुलिस अफिसरसँग बोल्न नै चाहँदिन ।

एक दिन त्यस पुलिस अफिसरले मलाई फलफूल दिएर गई । मैले त्यसलाई नियालेर हेरेँ । कति राम्री चट्ट जीउ मिलेकी, गाला फक्रेको, शरीरमा पुलिस अफिसरको पोशाक, टाउकोमा टोपी, खुट्टामा जुत्ता, नाडीमा घडी टल्किरहेको, हातमा फोन, हँसिलो अनुहार, कति नम्र र शिष्ट । त्यसलाई देखेपछि छोरीको सम्झनाले मरिसकेका मेरा इच्छाहरू सलबलाउन थाल्छन् । त्यसको हँसाई र आँखा ठीक उस्तै छ । कही त्यो मेरी छोरी त होइन । मेरो मुटु झस्कन्छ । जीउ थरथर काँप्छ । छोरी भनेर कराउँछु । मेरो होस हराएको रहेछ । होसमा आउँदा छोरी मरिसकेको घटनाले झन मुटु छिया-छिया हुन्छ ।

बिर्सिसकेका कुराहरू मनमा झन् बलियो भएर आउन थाल्छन् । पुलिस अफिसर ठीक मेरै छोरीजस्ती छे तर असम्भव । मेरा सुकिसकेका आँसु फेरि वर्षेभेल बगाउन सुरु गर्छन् । हीन भैसकेका दृष्टिहरू घोरिई घोरिई हेर्न थाल्दछन् । किन किन त्यस पुलिस अफिसरको बारेमा जान्न मन लाग्छ । यो को हो ? घर कहाँ ? कसकी छोरी ? आदि इत्यादि प्रश्नले मन खिचिरहन्छ । तर यी प्रश्नको उत्तर मैले कसबाट र कसरी पाउनु ?

उसको रूप, सौन्दर्य, व्यक्तित्व र व्यवहार हेर्दा ऊ सामान्य परिवारकी छोरी जस्ती छैन । उसको हिँडाइ, उसको कुरा गराइको ढङ्ग सब फरक छ अरू पुलिसको भन्दा । उसलाई देखेर मेरा सुकिसकेका ओठ रसाउन थाल्दछन् । मरिसकेका इच्छाहरू सजीव भएर सलबलाउन थाल्दछन् । विलीन भैसकेका दृष्टिहरूमा ज्योति भरिएर आउँछ ।

एकदिन घरको सामान्य पुरानो लुगामा मेरो अगाडि एउटा केटी उभिई । मैले उसलाई राम्रोसँग हेरेँ । ऊ मेरै छोरी थिई । तर यो सब कसरी ? मैले उसलाई अँगालोमा कसेँ । तिमी अभिलाषा होइन ? मैले प्रश्न तेर्स्याएँ । हो ! आमा यो तपाईंकी प्यारी छोरी अभिलाषा नै हो । अचम्म मान्नु भएको होला होइन । त्यसो भए सुन्नुहोस् मेरो कथा ।

म साथीको घरमा गएकी थिएँ । उसले लुगा साटेर लगाउन मलाई अनुरोध गरी । उसले मेरो लुगा लगाई । मैले उसको । अनि हामी पुरस्कार ग्रहण गर्न गयौँ । मेरी साथीलाई एउटा अग्लो, मोटो लोग्ने मानिस आएर मुख च्यापेर लग्यो । म डरले पुरस्कार ग्रहण गर्न नगएर अर्कै साथी कहाँ गएर लुकेर बसेँ । पछि थाहा पाएँ । मलाई भनेर मेरो बुबाले मेरी साथीको हत्या गरेछन् । ऊ आमा-बुवाकी एक्ली छोरी थिई । तेरो कारणले हाम्री छोरी मरी भनेर गाली गर्नुको सट्टा उसका आमा-बुवाले मलाई आफ्नै छोरीजस्ती मानेर पढाइदिने कुरा बताए ।

जब म साथीको घरमा बसेर पढिरहेकी थिए तब मनमा अनेकौँ कुरा खेल्ने गर्थे र बुवाले मलाई किन मार्न खोज्नुभयो ? सबैभन्दा बढी खुल्दुलीको विषय यही थियो । म

के बनेर आमालाई छुट्कारा दिन सक्छु र बुवासँग बदला लिन सक्छु भन्ने कुराले मेरो मनलाई जहिले पनि चिमोटिराख्थ्यो ।

साथीको आमा बुवाले मलाई छोरीको स्थान त दिएका थिए तर मलाई डर थियो कतै यो मायाबाट म बञ्चित हुने त होइन ? आफ्नी छोरीको कुरा उहाँहरूले सधैं गरिरहनुहुन्थ्यो । एकदिन आफ्नी छोरीले पुलिस भएर देशको रक्षा गर्ने रहन देखाएको र आफूहरूले पनि त्यस्तै चाहेको कुरा मलाई सुनाउनु भयो । मैले यो कुरालाई खुब गम्भीर रूपमा लिएँ । पुलिस हुँदा देशको सेवा पनि गर्न पाइने अनि आमालाई जेलबाट छुट्कारा दिलाएर बुवासँग बदला लिन पनि पाइने । यी कुराहरूले मलाई धेरै स्तब्धित पारिदिन्थे । मैले यो लाइन समात्न सकें भने एकातिर मलाई छोरीको स्थान दिने आमाबुवाको इच्छा पनि पूरा हुने अर्कोतिर आमालाई छुट्कारा दिलाउन र बुवासँग बदला लिने माध्यम पनि यही नै सजिलो र सफल हुन सकिने देखेर मेरो इच्छा यतैतिर एकोहोरियो ।

जब म तालिम लिन गएँ त्यतिखेर सोँचेजस्तो सजिलो भएन । कडा मिहिनेत र अनुशासित रूपमा प्रस्तुत हुनुपर्ने, मैले यति मिहिनेत गरें जसले गर्दा मेरो खुट्टाको हड्डीमा चिरा पनि पऱ्यो । पन्ध्र दिनमै पट्टी खोलेर म तालिममा सहभागी भएँ । मेरो कडा मिहिनेत र अनुशासन देखेर सबै छक्क परेका थिए ।

पुलिस अफिसर भएर अफिसमा गएको दिन नै दुई कुरा मेरो अगाडिको टेबुलमा तेर्सिएझैं भए जसलाई समाधान गर्नु मेरो पहिलो कर्तव्य नै थियो । तीमध्ये पहिलो कुरा आमालाई छुट्कारा दिने दोस्रो बुवासँग बदला लिने थियो ।

देश र जनताको सेवा गर्नुको साथसाथै मैले यी कुरालाई पनि समाधानको बाटोतिर डोऱ्याउँदै लगें ।

तपाईंको अगाडि खाली हात आएर आँशुमा आँशु थप्न चाहिन मैले । अहिले तपाईंको छोरी तपाईको अगाडि न्याय दिने व्यक्तिको रूपमा तपाईंको ओठमा खुसी ल्याएर प्रस्तुत भएकी छे ।

म थुनिएको कोठाको ढोका खुल्यो । मलाई बाहिर निस्किन अह्राए । एउटा रवाफिलो पुरुषलाई भित्र पढाएर ढोका लगाइयो । मैले को रहेछ भनेर फर्केर हेरेँ । मेरो आँखा त्यहाँ अडिए । मेरो अनुहारको रङ्ग बदलियो । छोरीले भनी नडराएर राम्रोसँग हेर्नुहोस् आमा त्यसलाई । त्यसले अब हामीलाई केही गर्न सक्दैन । त्यो अब हत्याराको रूपमा प्रमाणित भएर थुनिएको छ । मैले उसलाई यहाँ ल्याउने प्रमाण नजुटाएसम्म तपाईंलाई आफ्नो परिचय दिइन । अब ढुक्क भएर बस्नुहोस् आमा । तपाईंका खुसीका दिन आएका छन् । मैले तपाईंको ओठमा हाँसो लिएर आएकी छु । जीत सत्यकै हुन्छ भन्छन् । भएरै पनि छोड्यो । आफूले जीवनभर गरेका पापको फल राम्रोसँग भोग्नु । थुनिएको मान्छेलाई मैले दुई शब्द उपहार दिएँ ।

भित्तामा झुण्ड्याइएको ऐनामा मैले आफूलाई हेरेँ । मेरो सिउँदो अझै रातै थियो, हातमा एक दुई वटा चुरा बचेकै थिए । मेरो सिउँदो पुछिएको थिएन, चुरा फुटालिएका थिएनन् किनकि मेरो श्रीमान् जिउँदै थियो । अझै पनि छ । अवस्थामा मात्रै फरक आएको छ । पहिलेको उसको धाक, रवाफ र अहंकार सब जेलभित्र थुनिएको छ ।

× × ×

**समाप्त**

# सन्दर्भसामग्रीसूची


अब्राम्स, एम्.एच्., ***ए ग्लसरी अफ लिटररी टर्म्स,*** (तृ.सं.) बङलोर प्रिज्म बुक्स प्रा.लि., १९९२ ।

***इन्साइक्लोपेडिया इन्टरनेसनल,*** भाग १३, लेक्सिकन पब्लिकेशन, १९८१ ।

प्रधान, कृष्णचन्द्रसिंह, ***नेपाली उपन्यास र उपन्यासकार,*** (ते.सं.), २०५२ ।

वर्मा, धीरेन्द्र तथा अन्य (सम्पा), ***हिन्दी साहित्यकाश,*** भाग १, (दो.सं.), वारणसी ज्ञान मण्डल लि., सम्बत् २०२० ।

भास, ***स्वप्नवासवदत्तम,*** बेणीमाधव, (प्र.सं.), इलाहावाद, १९६१ ।

भूसाल, गुणाकर, ***पाप-धर्म,*** अप्रकाशित स्नातकोत्तर सिर्जनापत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५५ ।

राय, गोपाल, ***उपन्यासका शिल्प,*** पटना : विहार हिन्दी ग्रन्थ अकादमी, १९७३ ।

शर्मा, तुलसी, ***भाउजू,*** धनगढी : तुलसी शर्मा, २०५९ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, ***शोधविधि,*** ललितपुर : साझा प्रकाशन, २०६२ ।

सुवेदी, राजेन्द्र, ***नेपाली उपन्यास परम्परा र प्रवृत्ति,*** ललितपुर : साझा प्रकाशन, २०६४ ।

श्रेष्ठ, दयाराम, ***नेपाली साहित्यका केही पृष्ठ,*** काठमाडौं : साझा प्रकाशन, २०३२ ।

श्रेष्ठ, शुभलक्ष्मी, ***अस्मिताको खोजीमा,*** अप्रकाशित स्नातकोत्तर सिर्जनापत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५५ ।